आर्थिक ऐन, २०८३

कर छुट, सहुलियत र अन्य ब्यवस्थासम्बन्धी जानकारीमूलक पुस्तिका

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

घोषणा तथा अस्वीकरण (Disclaimer)

यो हाते पुस्तिका (Handbook) मा समाविष्ट सामग्रीहरू प्रचलित कर कानुन र आर्थिक ऐन, २०८३ का व्यवस्थाहरूलाई थप प्रष्ट पार्न र कार्यान्वयनमा सहजता ल्याउने उद्देश्यले तयार गरिएको हो। यसमा उल्लिखित कुनै पनि विषय वा विवरण प्रचलित आर्थिक ऐन, २०८३ तथा अन्य विद्यमान कर कानुनका व्यवस्थाहरूसँग बाझिन गएमा, बाझिएको हदसम्म यस हाते पुस्तिकाका व्यवस्थाहरू स्वतः अमान्य हुनेछन् र कानुनकै व्यवस्था लागू हुनेछ।

साथै, यो पुस्तिका आर्थिक ऐन, २०८३ ले प्रदान गरेका कर छुट, सहुलियत तथा अन्य ब्यवस्था सम्बन्धी प्रावधानहरूलाई बुझ्न र सरल भाषामा बुझाउनका लागि मार्गदर्शक सामग्रीका रूपमा उपयोगी हुनेछ। यसलाई कुनै पनि कानुनी दाबी, अदालती बहस वा कानुनी प्रणालीको आधारका रूपमा प्रयोग गर्न पाइने छैन।

यस पुस्तिकाको उदाहरणमा उल्लेख भएको नाम, कारोवारको प्रकार तथा रकमहरु काल्पनिक हुन। कसैसँग मिलेमा संयोग मात्र हुनेछ।

भूमिका

नेपालको सङ्घीय बजेट र आर्थिक ऐनले अङ्गीकार गरेका राजस्व नीति, करका दायरा र करदातालाई प्रदान गरिएका विभिन्न छुट, सहुलियत एवं सुविधाहरूको बारेमा सरोकारवालाहरूलाई स्पष्ट जानकारी गराउनु आन्तरिक राजस्व विभागको मुख्य दायित्व हो। राज्यको दिगो आर्थिक विकास र सबल अर्थतन्त्र निर्माणका लागि आन्तरिक स्रोत परिचालनको विशेष महत्त्व रहन्छ। यसै सन्दर्भमा, आर्थिक ऐन,२०८३ मार्फत ल्याइएका उद्योग-व्यवसायमैत्री छुटका सुविधाहरू र सो सुविधा परिपालनाका सर्तहरूलाई सरल एवं बुझ्ने भाषामा देखाउने उद्देश्यले यो पुस्तिका तयार पारिएको छ।

आर्थिक ऐन, २०८३ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तःशुल्क ऐन, २०५८ लगायत विषयगत ऐन र साल वसाली आर्थिक ऐन बमोजिम कर तथा विवरणहरु समयमा दाखिला गर्न नसकेका करदातालाई विभिन्न प्रकारका कर सहुलियत प्रदान गर्ने गरी व्यवस्था गरेकोछ। साथै विभिन्न कारणले विगतमा करको दायरामा आउन नसकेका करदातालाई समेत करको दायरामा आएमा विभिन्न छुट तथा सुविधा प्रदान गरेको छ। यसका अतिरिक्त प्रस्तुत ऐनले नेपालको विद्यमान कर कानुनमा समायानुकूल सुधार समेत गरेको छ।

यस सन्दर्भमा प्रस्तुत हाते पुस्तिकामा आर्थिक ऐनका कानुनी व्यवस्थाहरू, करदाताले पालना गर्नुपर्ने प्रक्रियागत सर्तहरू र तिनको व्यावहारिक प्रभावलाई सान्दर्भिक उदाहरणसहित स्पष्ट पारिएको छ। स्वेच्छिक कर परिपालनाको संस्कृति प्रवर्द्धन गर्न र कर प्रशासनमा पारदर्शिता कायम गर्न यो पुस्तिका महत्त्वपूर्ण साबित हुनेछ।

सम्पूर्ण आदरणीय करदाता, व्यवसायी र कर कानुनका विद्यार्थीहरुका लागि आफ्ना कानुनी अधिकार र दायित्व बुझी राज्यले प्रदान गरेका आर्थिक सुविधाहरूको अधिकतम लाभ उठाउन यो पुस्तिका एक उपयोगी मार्गदर्शन हुने विश्वास लिइएको छ।

डा. भीष्मकुमार भूसाल
महानिर्देशक

आर्थिक ऐन, २०८३ ले गरेका कर छुट सुविधासम्बन्धी संक्षिप्त व्यवस्था

दफा	छुटको विषयवस्तु	अन्तिम म्याद
२५	राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गरेको रकम घटाउन पाउने	आय वर्ष २०८२/८३ को आय विवरण पेस गर्दा लागू हुने।
२६	व्यापार मौज्दातको नोक्सानी सम्बन्धी विशेष व्यवस्था (जेनजी आन्दोलन)	आय वर्ष २०८२/८३ को आय विवरण र कर विवरणमा लागू हुने।
२८	वैदेशिक सहायता सम्झौता बमोजिमका निर्माण वा सेवा प्रदायकलाई आयकर छुट	आ.व. २०८२/८३ भन्दा अगाडिका वर्षहरूको हकमा लागू हुने।
३०	साविकका बिक्री कर, मनोरञ्जन कर, होटल कर, ठेक्का कर वा पुराना आयकर बक्यौता मिनाहा	कार्यालयले स्रेस्ता हेरी स्वतः मिनाहा वा लगत कट्टा गर्ने।
३१	विलासिता शुल्क तथा मूल्य अभिवृद्धि कर (मुल्य अभिवृद्धि कर) मिनाहा सम्बन्धी विशेष व्यवस्था	स्वतः लागू हुने (कर विवरण पेस गर्नु नपर्ने)
३२	उपभोगको म्याद समाप्त भएका वा प्रयोग गर्न अयोग्य वस्तु नष्ट गर्ने व्यवस्था	संवत् २०८३ साल पुस मसान्तभित्र
३३	अन्तःशुल्क टिकट नष्ट गर्ने सम्बन्धी विशेष व्यवस्था	२०८४ असार सम्म
३७	दायरामा आउने कूटनीतिक निकाय, विकास साझेदार तथा विद्यालयहरूलाई विशेष व्यवस्था	संवत् २०८३ साल पुस मसान्तभित्र (सामुदायिक विद्यालय/स्वास्थ्य संस्थाको हकमा)
३८	संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका वा अन्य संस्थालाई विशेष व्यवस्था	संवत् २०८३ साल पुस मसान्तभित्र
३९	बीमा अभिकर्ताको लागि ब्याज, थप दस्तुर तथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था	स्वतः लागू हुने (कर विवरण पेस गर्नु नपर्ने)
४०(१)	प्यान (PAN) नलिई कर लाग्ने आय आर्जन गरेका नयाँ करदाताहरूको हकमा	संवत् २०८३ साल पुस मसान्तभित्र
४०(२)	प्यान लिई कारोबार नगरेका निष्क्रिय करदाताहरूको हकमा	संवत् २०८३ साल पुस मसान्तभित्र (निवेदन नदिए प्यान स्वतः खारेज हुने)
४०(३)	प्यान लिई कर र विवरण बुझाउन बाँकी रहेका (बक्यौतादार) करदाताहरूको हकमा	संवत् २०८३ साल पुस मसान्तभित्र
४१	मूल्य अभिवृद्धि कर (मुल्य अभिवृद्धि कर) को जरिबाना र ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था	संवत् २०८३ साल पुस मसान्तभित्र

४२	पनीरमा मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धमा	स्वतः लागू हुने
४३	अन्तःशुल्कको जरिबाना र विलम्ब शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्था	उपदफा (१): संवत् २०८३ पुस मसान्त उपदफा (२): संवत् २०८३ असोज मसान्त (नगराए स्वतः खारेज)
४४	विवरण पेस गरेका तर कर तथा अन्तःशुल्क बक्यौता रहेका व्यक्तिको हकमा सहुलियत	संवत् २०८३ साल पुस मसान्तभित्र
४५	कर निर्धारण (Tax Assessment) बाट सिर्जित बक्यौता दाखिला गरेमा मिनाहा	संवत् २०८३ साल पुस मसान्तभित्र
४६	विचाराधीन मुद्दा फिर्ता लिई कर दाखिल गरेमा जरिबाना तथा ब्याज मिनाहा	संवत् २०८३ साल पुस मसान्तभित्र
४७	संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय संस्था वा नियोगमा कार्यरत नेपालीलाई विशेष व्यवस्था	संवत् २०८३ साल मङ्सिर मसान्तभित्र

आर्थिक ऐन, २०८३ ले कर कानुनमा संशोधन गरेका मुख्य ब्यवस्था

आन्तरिक राजस्व विभागले प्रशासन गर्नुपर्ने कर तथा शुल्कः

सि. नं.	दफा	शिर्षक	दर	कैफियत
१	६	प्रदूषण नियन्त्रण शुल्क	प्रति लिटर १.५ रुपैया	पेट्रोल तथा डिजेलको पैठारीमा।
२	१३	विलासिता शुल्क	२ प्रतिशत	पाँच तारे र सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टको सेवा बिक्री मूल्यमा। आयातित तयारी मदिराको पैठारीमा भन्सार महसुल तथा अन्तःशुल्क सहितको मूल्यमा।
३	१४	सीप प्रवर्द्धन शुल्क	०.५ प्रतिशत	सुन वा चाँदी तथा तिनका गरगहना र वस्तुहरुको विक्रीमा लाग्ने।
४	१५	शिक्षा सेवा शुल्क	३ प्रतिशत	विदेशमा अध्ययन गर्न जाने विद्यार्थीको शिक्षण शुल्कमा लाग्ने।
५	२०	स्वास्थ्य जोखिम कर	३० पैसा प्रति खिल्ली	बिडी
			६० पैसा प्रति खिल्ली	चुरोट, सिगार
			मूल्यको १० प्रतिशत	हिटेड टोबाको
			प्रति गोटा ३० रुपैया	ईलेक्ट्रोनिक चुरोट वा भेप
			प्रति किलोग्राम ६० रुपैया	निकोटिनयुक्त वस्तु, तयारी खानेसुर्ती, खैनी, गुट्खा, पानमसला, सुपारी, माउथ फ्रेसनर, हुक्का फ्लेवर
६	२१	चलचित्र विकास शुल्क	१५ प्रतिशत	विदेशी चलचित्रको प्रवेश शुल्कमा
७	२३	विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स)	२ प्रतिशत	गैर बासिन्दा व्यक्तिले प्रदान गरेको विद्युतीय सेवाको कारोबार मूल्यमा।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तर्फ मुख्य संशोधनः

- करको दर १३ प्रतिशतमा नबढ्ने गरी **बहुदर** कायम गर्न कर लाग्ने वस्तु वा सेवा राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्ने व्यवस्था थप गरिएको छ।
- राइड सेयरिङ प्लेटफर्म मार्फत कुनै व्यक्तिले प्रदान गर्ने यातायात तथा ढुवानी सेवाको कारोबारमा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था थप गरिएको छ। उक्त कर राइड सेयरिङ प्लेटफर्म सञ्चालकले सो व्यक्तिको तर्फबाट सङ्कलन गरी दाखिला गर्नुपर्नेछ।
- विद्युत शक्तिको कारोबार गर्ने व्यवसायबाट विद्युत शक्तिकै कारोबार गर्ने व्यवसायलाई बिक्री गरिएको विद्युत शक्ति र घरायसी प्रयोजनका लागि उपभोग हुने प्रति ग्राहक ५० युनिटसम्मको विद्युत सेवामा मात्र कर छुट हुने र घरायसी प्रयोजनको हकमा सो भन्दा बढी युनिटको विद्युत सेवामा ५ प्रतिशतका दरले र विद्युत शक्तिको कारोबार गर्ने बाहेक अन्यको हकमा १३ प्रतिशतले कर लाग्ने व्यवस्था थप गरिएको छ।
- करदातालाई विद्युतीय बीजक जारी गर्न विभागले विलिङ प्रणाली उपलब्ध गराउन सक्ने व्यवस्था थप गरिएको छ।
- करदाताले पेश गरेको कर विवरण सात दिनभित्र संशोधन गर्न पाउने व्यवस्था गरिएको छ।
- विद्युतीय बीजक जारी गर्ने करदातालाई कानुन उल्लङ्घन वापत लाग्ने जरिवानाको व्यवस्थामा वर्गीकरण गरी अधिकतम रु ५ लाख, न्यूनतम रु १ लाख कायम गरिएको छ।
- विभागबाट जारी हुने व्यावसायिक प्रयोजनका मालवस्तुको आन्तरिक ओसारपसारको नियमन सम्बन्धी निर्देशिकाको उल्लङ्घन गरेमा पटकै पिच्छे पचास हजार रुपैया जरिवाना लाग्ने व्यवस्था गरिएको छ।
- बीमा अभिकर्ताले प्रदान गर्ने सेवा, ई-लाइब्रेरी, पनीर, सुन वा चाँदीका गरगहना तथा वस्तु निर्माण गर्दा लाग्ने ज्याला, चिकित्सकद्वारा सिफारिश चश्मामा कर छुटको व्यवस्था गरिएको छ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५९ तर्फः

- स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि लिदा लाग्ने दस्तुर रु १०० हटाइएको छ।
- बिक्री खाताको ढाँचा हटाई (अनुसूची ९) अब विभागले तोके बमोजिम हुने व्यवस्था गरिएको छ।
- साना तथा मझौला उद्योगले पनि चौमासिक कर विवरण पेश गर्न सक्ने छ।
- अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले खरिद गरेका वस्तु तथा सेवाको कर कट्टी गर्न नपाउने व्यवस्था गरिएको छ।

- ठेक्का वा करारअन्तर्गत वस्तु वा सेवा आपूर्ति वापतको कर भुक्तानी सम्बन्धी विशेष व्यवस्था खारेज गरिएको छ। (अब देखि भुक्तानी गर्ने करको ३० प्रतिशत कट्टा गर्नु नपर्ने)

अन्तःशुल्क ऐन, २०५८ तर्फ मुख्य संशोधनः

- डिजिटल अन्तःशुल्क टिकटको प्रयोग गर्ने व्यवस्था गरिएको छ।
- भौतिक नियन्त्रण प्रणाली अन्तर्गत रहेका प्रतिष्ठानहरुलाई जोखिम विश्लेषणका आधारमा छनौट गरी सीमित नियन्त्रणमा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन निष्कासन पैठारी तथा निकासी गरिने प्रणालीको व्यवस्था गरिएको छ।
- माइक्रो ब्रुअरीको व्यवस्था गरिएको छ।
- मदिरा, बियर वा सुर्तीजन्य वस्तु सम्बन्धी उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेतालाई विक्री गर्दा छुट दिन पाउने व्यवस्था गरिएको छ।
- स्वयं निष्कासन प्रणाली लागू हुने सुर्तीजन्य तथा निकोटिनयुक्त वस्तु बाहेकका अन्य वस्तुको हकमा इजाजतपत्रवालाको आधिकारिक व्यक्तिबाटै अभिलेख तथा विवरण प्रमाणित गर्ने व्यवस्था गरिएको छ।
- मदिरा तथा सुर्तीजन्य वस्तुको उत्पादन भण्डारण सञ्चय निष्कासन बिक्री वितरण र ओसारपसार प्रक्रियालाई विद्युतीय प्रणालीबाट नियन्त्रण तथा नियमन गर्न ट्र्याक एण्ड ट्रेस प्रणालीको व्यवस्था गरिएको छ।
- करमुक्त पसलबाट वा अन्तःशुल्क छुट सुविधामा खरिद गरेको मदिरा बिक्री वितरण गरेमा वा व्यापारिक प्रयोजनमा प्रयोग गरेमा त्यस्तो मदिरा जफत गरी बिगो बमोजिमको जरिवाना वा एक लाख रुपैया मध्ये जुन बढी हुन्छ सो रकम जरिवाना लाग्ने व्यवस्था गरिएको छ।

अन्तःशुल्क नियमावली, २०५९ तर्फः

- विभागले निष्कासन गर्नुपूर्व अन्तःशुल्क राजस्व दाखिला गरी निष्कासन फाराम स्वीकृत गराई निष्कासन गर्ने जोखिममा आधारित छनौटपूर्ण निष्कासन नियन्त्रण विधि तोक्न सक्ने व्यवस्था गरिएको छ। (भौतिक नियन्त्रण प्रणालीलाई सुधार गर्न)
- निकासी प्रयोजनका लागि विभागले अन्य यु.पी. शक्ति र साइजमा समेत उत्पादन र बोतलबन्दीको अनुमति दिन सक्नेछ।
- ७० यु.पी. शक्तिको मदिरा ७५० मिलिलिटरको पेट बोतलमा पनि बोतलबन्दी गर्न पाउने छ।
- मान्यता प्राप्त प्रयोगशालाबाट प्रयोग गर्न अयोग्य प्रमाणित भएका अन्तःशुल्कजन्य वस्तुका कच्चा पदार्थ र अर्ध तयारी अवस्थाका वस्तु नष्ट गर्न विभागले स्वीकृति दिन सक्ने छ।

- माइक्रो ब्रुअरीबाट ब्रुअरी परिसरभित्र बिक्री वितरण गर्ने प्रयोजनका लागि पिचर तथा ग्रोवलरमा बोतलबन्दी गर्दा अन्तःशुल्क टिकट टाँस गर्नु पर्ने छैन। माइक्रो ब्रुअरीबाट उत्पादित बियर परिसर बाहिर निकाल्न तथा बिक्री वितरण गर्न पाइने छैन।
- स्वयम् निष्कासन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तुको हकमा इजाजतपत्रवालाको आधिकारिक कर्मचारीले खाता तथा विवरण प्रमाणित गरी राख्नु पर्नेछ। (पहिला अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले जाँची प्रमाणित गर्नुपर्ने थियो।) तर सुर्तीजन्य तथा निकोटिनयुक्त वस्तुका हकमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले जाँची प्रमाणित गराई राख्नु पर्नेछ।
- उत्पादन प्रतिलब्धि दरमा संशोधनः
  - ताजा फलफूलबाट वाइन उत्पादन प्रक्रियामा प्रति किलो फलफूलबाट १२ प्रतिशत अल्कोहलको मात्रा भएको ७५० मिली लिटर वाइनका दरले उत्पादन गर्नुपर्ने।
  - किसमिस लगायतका सुख्खा फलफूलको हकमा प्रति किलो सुख्खा फलफूलबाट १२ प्रतिशत अल्कोहल भएको २.५ लिटर वाइनका दरले उत्पादन गर्नुपर्ने।
  - ग्रेप जुस कन्सन्ट्रेट वा फ्रुट जुस कन्सन्ट्रेटको हकमा १ लिटर कन्सन्ट्रेटबाट १२ प्रतिशत अल्कोहल भएको ४ लिटर वाइनका दरले उत्पादन गर्नुपर्ने।
  - माइक्रो ब्रुअरीबाट उत्पादन हुने वियरका हकमा प्रति हजार लिटर जडित क्षमताबाट ९०० लिटर वियरका दरले उत्पादन गर्नुपर्ने।
- माइक्रो ब्रुअरीको लागि उत्पादन इजाजत दस्तुर रु १२ लाख ५० हजार र नवीकरण दस्तुर रु १ लाख २५ हजार तोकिएको छ।
- स्प्रिट मेचुरेसन गर्ने प्रयोजनको लागि दस्तुर रु २ लाख ५० हजार र नवीकरण दस्तुर रु १ लाख कायम गरिएको छ।

आयकर ऐन, २०५८ तर्फ मुख्य संशोधनः

- नियन्त्रित अन्तर्राष्ट्रिय कारोबारको हकमा सम्बद्ध व्यक्तिको परिभाषामा परिमार्जित गरी दायरा विस्तार गरिएको छ। (सीमापार सम्वद्ध ब्यक्तिको साविकको हकमा परिभाषामा आय, पूँजी वा मताधिकार मार्फत नियन्त्रणको सीमा ५० प्रतिशतबाट ३० प्रतिशत कायम गरिएको)
- सूचना प्रविधि उद्योगमा रोजगारी गरेर पारिश्रमिक वापत प्राप्त हुने स्वेट शेयरको कारोबारको रकममा कर नलाग्ने व्यवस्था गरिएको छ।
- कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वको जग्गा वा निजी भवन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई निःशुल्क प्रदान गरेको जग्गा वा निजी भवनको निःसर्गवापत लाभमा लाग्ने कर छुट हुने व्यवस्था गरिएको छ।

- मुनाफा नकमाउने उद्देश्यले विदेशी सरकारको पूर्ण स्वामित्वमा स्थापित वित्तीय संस्थाले नेपालमा ऋण लगानी गरी प्राप्त गरेको ब्याज रकममा कर छुट हुने व्यवस्था गरिएको छ।
- जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्यबमोजिम आर्जन गरेको रकममा कर छुट हुने व्यवस्था गरिएको छ।
- नेपालमा स्थापना भई सञ्चालनमा रहेको विश्वविद्यालयले आफ्नो उद्देश्यबमोजिम आर्जन गरेको रकममा कर छुट हुनेछ।
- महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा स्थापित चलचित्र घरलाई व्यावसायिक कारोबार शुरु गरेको मितिले १० वर्षसम्म कर छुट हुनेछ।
- कृषि व्यवसायको परिभाषामा परिमार्जन गरी फलफूल खेती पशुपंक्षी पालन मत्स्यपालन र मौरीपालन व्यवसायलाई समावेश गरिएको छ।
- कर छुट पाएका संस्थाहरुलाई दिइएको चन्दा उपहार वापत खर्च कट्टीको सीमा एक लाखबाट बढाई तीन लाख पुऱ्याएको छ।
- व्यावसायिक सामाजिक जिम्मेवारी (CSR) वापत गरेको खर्च कट्टी पाउने व्यवस्था गरिएको छ। (करयोग्य आयको एक प्रतिशतसम्म)
- नगद कारोबारको सीमा रु ५० हजारबाट रु २५ हजारमा झारिएको छ।
- शेयर वा ऋणपत्र निष्काशन गर्दा लागेको खर्चलाई खर्च कट्टी गर्न पाउने व्यवस्था गरिएको छ।
- सेफ हार्बर रुलको व्यवस्था गरिएको (शर्तः सूचना प्रविधि सेवा निर्यातको सञ्चालन खर्चमा कम्तीमा १५ प्रतिशत सञ्चालन मुनाफा दर कायम गरेको, अन्तर समूह ऋणको ब्याजदरको हकमा २०० देखि ४०० आधार बिन्दू थप गरी कायम गरिएको, कम मूल्य अभिवृद्धि हुने सेवाको कुल लागतमा बढीमा ५ प्रतिशत मुनाफा थप गरिएको) उक्त व्यवस्था ५ आय वर्षसम्म लागू हुने छ।
- सम्वद्ध ब्यक्तिहरु बीच हुने अन्तर्राष्ट्रिय कारोवारमा सामान्य बजार ब्यवहार मूल्य (आर्म्स लेन्थ प्राइस) कायम गर्ने आधार र बिधिको सम्वन्धमा करदातासँग अग्रिम मूल्य निर्धारण सम्झौता (APA) गर्न सक्ने कानूनी ब्यवस्था गरिएको छ। (सम्झौंता बढी ५ आय वर्षसम्मका लागि लागू हुने)
- निकायको हिताधिकारीको मृत्युको कारण उक्त निकायमा रहेको हितको अस्वेच्छिक निःसर्ग भई कानुनी हकवालालाई हस्तान्तरण भएको वा बासिन्दा व्यक्तिको स्वामित्व परिवर्तन भई सोही कारण उक्त निकायको हित रहेको अर्को बासिन्दा निकायको स्वामित्व परिवर्तन भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा ५७ आकर्षित नहुने।
- हायर पर्चेज कारोबार गर्ने करदाताले कर्जा नोक्सानी व्यवस्था वापत तोकिएको सीमासम्म खर्च कट्टी पाउने व्यवस्था गरिएको छ।

- विद्युतीय बीजक जारी गर्ने करदातालाई कानून उल्लङ्घन वापत लाग्ने जरिवानाको व्यवस्थामा वर्गीकरण गरी अधिकतम रु ५ लाख र न्यूनतम रु १ लाख कायम गरिएको छ।
- कुनै व्यक्तिको आर्थिक कारोबारसँग सम्बन्धित सूचना वा विवरण विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।
- बीमा अभिकर्ता प्राकृतिक व्यक्तिको सेवा शुल्क वा कमिशनमा २० प्रतिशतले अग्रिम कर कट्टी गर्ने र सो भुक्तानीलाई अन्तिम कर कट्टी हुने भुक्तानी मानिएको छ।
- कृषि सम्बन्धी पुरस्कारमा आकस्मिक लाभ कर नलाग्ने व्यवस्था गरिएको छ।
- उपभोक्ता समितिलाई गरिएको भुक्तानीमा अग्रिम कर कट्टी गर्ने व्यवस्था हटाइएको छ।
- नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभमा बासिन्दा प्राकृतिकको हकमा ३६५ दिन भन्दा बढी अवधि स्वामित्वमा रहेकोमा ७.५ प्रतिशत र ३६५ दिन वा सोभन्दा कम अवधि स्वामित्वमा रहेकोमा १० प्रतिशतका दरले पुँजीगत लाभ कर अग्रिम असुल गर्ने व्यवस्था गरिएको र सो लाभ रकमलाई आय विवरण पेश गर्न नचाहनेको हकमा अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिएको छ ।
- व्यवसाय सञ्चालनमा संलग्न नरहेको बासिन्दा प्राकृतिक व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा विद्युतीय सेवा वा परामर्श सेवा उपलब्ध गराए वापत वा सामाजिक सञ्जालमा श्रब्यदृश्य सामग्री अपलोड गरे वापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरिएको रकमलाई अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिएको छ।
- गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) निःसर्ग वापत प्राप्त लाभमा ५ वर्ष वा सो भन्दा बढी स्वामित्व भएको हकमा ७.५ प्रतिशत र ५ वर्षभन्दा कम स्वामित्व भएको हकमा १० प्रतिशतका दरले पूँजीगत लाभ कर अग्रिम असुल गर्ने र सो लाभ रकमलाई अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिएको छ।
- नेपाल सरकारको निर्णयबाट कुनै प्राकृतिक व्यक्तिको जग्गा अधिग्रहण हुने भै अस्वेच्छिक रुपमा निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को हकमा २.५ प्रतिशतका दरले अग्रिम कर असुली गर्ने र सो लाभ रकमलाई आय विवरण पेश गर्न नचाहनेको हकमा अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिएको छ।
- बासिन्दा राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड सेयरिङ अपरेटर) ले आफ्नो प्लेटफर्ममा आवद्ध भई कुनै सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिलाई प्रदान गरेको सेवा वापतको रकममा १ प्रतिशतका दरले अग्रिम कर असुल गर्ने र सो रकमलाई अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी मानिएको छ।
- विभागले कुनै व्यक्तिलाई आय विवरण पेश गर्न नपर्ने गरी तोक्न सक्नेछ।
- कर परीक्षण गर्ने अवधि ४ वर्षबाट घटाई ३ वर्ष कायम गरिएको छ।

- कर फिर्ता मांग गर्ने निवेदन दिने अवधि २ वर्षबाट बढाई ५ वर्ष पुर्‍याइएको छ।
- विद्युतीय ई रिक्सा र दुई पाङ्ग्रे सवारी साधनलाई वार्षिक आयकर लाग्ने रकम तोकिएको छ।
- बासिन्दा प्राकृतिक व्यक्तिले निजी भवनको बीमा वापत वार्षिक प्रिमियम वापत खर्च कट्टी गर्न पाउने सीमा ५ हजार रुपैयाबाट बढाई १० हजार रुपैया पुर्‍याइएको छ।
- बासिन्दा प्राकृतिक व्यक्तिले सन्ततिको शिक्षा वापत भुक्तानी गरेको शिक्षण शुल्कको वार्षिक रकमको २५ प्रतिशत वा २५ हजार रुपैयामा जुन घटी हुन्छ त्यस्तो रकम करयोग्य आयबाट घटाउन पाउने व्यवस्था गरिएको छ।

आयकर नियमावली, २०५९ तर्फः

- अग्रिम मूल्य निर्धारण सम्झौता गर्न चाहने व्यक्तिले सो सम्झौताको लागि निवेदन दिँदा देहाय बमोजिमको सेवा शुल्क भुक्तानी गर्नुपर्नेछः
    - वार्षिक १ अर्ब रुपैयासम्मको कारोबार भएको व्यक्तिको लागि ५ लाख रुपैया।
    - वार्षिक १ अर्ब रुपैयाभन्दा बढी कारोबार भएको व्यक्तिको लागि १० लाख रुपैया।
    - सम्झौता नवीकरणको लागि निवेदन दिँदा उपरोक्त शुल्कको ५० प्रतिशतले हुने रकम।

करको दरमा परिमार्जन तथा नँया शुल्क सम्बन्धी व्यवस्था

- बासिन्दा प्राकृतिक व्यक्तिलाई लाग्दै आएको आयकरको छुट सीमा र करको दर घटाई छुटको सीमा रु १० लाख पुर्‍याइएको छ भने करको दर पनि रु १० लाखमा १ प्रतिशत, रु १० देखि रु १५ लाखमा १० प्रतिशत, रु १५ देखि रु २५ लाखमा २० प्रतिशत, रु २५ देखि रु ४० लाखमा २७ प्रतिशत र रु ४० लाख भन्दा बढिमा २९ प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरिएको छ। अधिकतम करको दर ३९ बाट २९ प्रतिशत कायम गरिएको छ।
- प्राकृतिक व्यक्तिले गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को निःसर्गबाट भएको पुँजीगत लाभमा लाग्दै आएको साविकको करको दर ५ प्रतिसत (स्वामित्व ५ वर्ष वा सो भन्दा बढी अवधिको) र ७.५ प्रतिशत (स्वामित्व ५ वर्ष भन्दा कम अवधिको) बाट बढाई क्रमश: ७.५ र १० प्रतिशत कायम गरिएको छ।
- राइड सेयरिङ प्लेटफर्म मार्फत सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिलाई १ प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरिएको छ।
- विद्युत सेवामा मूल्य अभिवृद्धि कर लगाइएको छ। घरायसी प्रयोजनको हकमा भने प्रति युनिट ५० भन्दा बढीमा ५ प्रतिशतका दरले मात्र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरिएको छ।
- प्लेटफर्म मार्फत सेवा प्रदान गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याई त्यस्तो सेवामा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरिएको छ।

- ❖ विलासिता शुल्कः सुन चाँदीको गरगहनामा २ प्रतिशतका दरले लाग्दै आएको विलासिता शुल्कलाई सीप प्रवर्द्धन शुल्कको नामाकरण गरी ०.५ प्रतिशतका दरले लाग्ने व्यवस्था गरिएको छ।

आर्थिक ऐन, २०८३ ले प्रदान गरेको कर छुट तथा सहुलियत सम्वन्धी व्यवस्था

१) राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गरेको रकम घटाउन पाउने (दफा २५)

कानुनी व्यवस्था

कुनै व्यक्ति वा संस्थाले आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले स्थापना गरेको राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गरेको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा घटाउन पाउनेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस व्यवस्थाबमोजिम राष्ट्रिय पुनर्निर्माण कोषमा गरेको योगदानको रकम करयोग्य आयबाट घटाउन पाउनका लागि करदाताले निम्न सर्तहरू पालना गरेको हुनुपर्नेछः

- यो सुविधा प्राकृतिक व्यक्ति (Individual) वा संस्था/निकाय (Entity) दुवै प्रकारका करदाताले पाउन सक्नेछन्।
- योगदान गरिएको रकम नेपाल सरकारले आधिकारिक रूपमा स्थापना गरेको "राष्ट्रिय पुनर्निर्माण कोष" मा नै जम्मा भएको हुनुपर्नेछ। जम्मा भएको सम्पूर्ण रकम नै करयोग्य आयवाट घटाउन पाइनेछ।
- यो योगदान रकम अनिवार्य रूपमा आर्थिक वर्ष २०८२/८३ (आय वर्ष २०८२/८३) भित्रै उक्त कोषमा जम्मा भइसकेको हुनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (प्राकृतिक व्यक्तिको हकमा)ः श्री रामप्रसाद आचार्यको आर्थिक वर्ष २०८२/८३ को कुल करयोग्य आय रु. १५,००,०००.०० रहेको छ। देशमा आइपरेको विपत्तिमा सहयोग पुगोस् भनी उहाँले सो आ.व.मा नेपाल सरकारको राष्ट्रिय पुनर्निर्माण कोषमा रु. २,००,०००.०० योगदान गर्नुभएको रहेछ। यो व्यवस्थाअनुसार अब उहाँको करयोग्य आय गणना गर्दा कुल आय रु. १५,००,०००.०० बाट कोषमा दिएको रु. २,००,०००.००

घटाउन पाउने छ। परिणामस्वरुप, उहाँको करयोग्य आय रु. १३,००,०००.०० कायम हुनेछ।

उदाहरण २ (संस्था वा कम्पनीको हकमा): "ABC कमर्सियल बैंक" को आर्थिक वर्ष २०८२/८३ को खुद मुनाफा (Net Taxable Income) रु. ५,००,००,०००.०० (पाँच करोड) रहेछ। बैंकले यस आ.व.मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत राष्ट्रिय पुनर्निर्माण कोषमा रु. ५०,००,०००.०० (पचास लाख) जम्मा गरेको रहेछ। यो सुविधा प्रयोग गरी बैंकले आफ्नो करयोग्य आय रु. ५ करोडबाट रु. ५० लाख घटाउन पाउनेछ। बैंकको नयाँ करयोग्य आय रु. ४,५०,००,०००.०० कायम हुनेछ र बैंकले यसै रकममा मात्र ३०% (वा व्यवसाय अनुसार तोकिएको दर) का दरले संस्थागत आयकर भुक्तानी गर्नु पर्नेछ।

२) व्यापार मौज्दातको नोक्सानी सम्बन्धी विशेष व्यवस्था (दफा २६):

कानुनी व्यवस्था

जेनजी आन्दोलनको क्रममा प्रभावित उद्योग, व्यापार तथा व्यावसायिक प्रतिष्ठानको नोक्सान भएको व्यापार मौज्दातको बीमा नभएको हकमा नोक्सानीको सर्जमिन मुचुल्का सहितको मूल्याङ्कनका आधारमा सम्बन्धित व्यक्ति स्वयम्ले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क. को उपनियम (१) को खण्ड (क) मा उल्लिखित समयभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा नोक्सानीको विवरण सहितको जानकारी गराएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ को लागि आयकर ऐन, २०५८ को दफा १५ बमोजिम व्यापार मौज्दातको लागत खर्च कट्टी तथा त्यस्तो वस्तुमा तिरेको कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम कट्टी गर्न सक्नेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस विशेष व्यवस्था बमोजिम व्यापार मौज्दात (Trading Stock) को नोक्सानी बापत कर सुविधा (आयकरमा खर्च कट्टी र मूल्य अभिवृद्धि करमा खरिदमा तिरेको कर कट्टी) दाबी गर्न करदाताले अनिवार्य रूपमा निम्नलिखित सर्तहरू पूरा गरेको हुनुपर्नेछः

- **जेनजी आन्दोलनको क्रममा** प्रभावित भएको उद्योग, व्यापार वा व्यावसायिक प्रतिष्ठानको नोक्सानी भएको ब्यापार मौज्दात हुनुपर्नेछ।

- नोक्सान भएको उक्त व्यापार मौज्दातको बीमा (Insurance) नभएको हुनुपर्नेछ। (यदि बीमा भएको र दाबी भुक्तानी पाउने अवस्था भएमा यो सुविधा पाइने छैन)।
- नोक्सानीको परिमाण र मूल्य खुल्ने गरी सर्जमिन मुचुल्का सहितको मूल्याङ्कन तयार गरिएको हुनुपर्नेछ।
- करदाता स्वयंले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क. को उपनियम (१) को खण्ड (क) मा तोकिएको म्यादभित्र (अर्थात हानी नोक्सानी भएको ३० दिनभित्र) नोक्सानीको विस्तृत विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जानकारी गराएको हुनुपर्नेछ।
- यो सुविधा आर्थिक वर्ष २०८२/८३ को लागि मात्र लागू हुनेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (सर्तहरू पूरा गरी सुविधा प्राप्त गरेको हकमा): जेनजी आन्दोलनका क्रममा काठमाडौँको एउटा कपडा डिलर "न्यु फेसन स्टोर" (मुल्य अभिवृद्धि करमा दर्ता भएको) मा तोडफोड भई रु. २०,००,०००.०० बराबरको तयारी कपडा (व्यापार मौज्दात) नष्ट भएको रहेछ। उक्त स्टोरले सो सामानको बीमा गरेको रहेनछ। व्यवसायीले स्थानीय प्रहरी र उद्योग वाणिज्य संघको रोहवरमा सर्जमिन मुचुल्का तयार गरी हानी नोक्सानी भएको ३० दिनभित्रै आन्तरिक राजस्व कार्यालयमा लिखित विवरण बुझाएका रहेछन्। यस सुविधा अनुसार व्यवसायीले आर्थिक वर्ष २०८२/८३ को स्वंय कर निर्धारण गर्दा उक्त डिलरले रु. २०,००,०००.०० लाई आयकर प्रयोजनका लागि व्यापार मौज्दातको लागत खर्चको रुपमा कट्टा गर्न पाउनेछ। साथै, सो कपडा खरिद गर्दा तिरेको मुल्य अभिवृद्धि कर रु. २,६०,०००.०० लाई समेत नियम अनुसार कर कट्टी (Input Credit) दाबी गर्न पाउनेछ।

उदाहरण २ (बीमा भएको वा म्याद नाघेर सूचना दिएको हकमा - सुविधा नपाउने): आन्दोलनकै क्रममा अर्को एउटा "एभरेष्ट इलेक्ट्रोनिक्स" को रु. १०,००,०००.०० बराबरको सामान नोक्सान भएको रहेछ। तर, उक्त कम्पनीले सो सामानको शतप्रतिशत कभर हुने गरी बीमा (Insurance) गराएको रहेछ र बीमा कम्पनीबाट दाबी भुक्तानी पाउने प्रक्रियामा छ, अथवा उसले हानी नोक्सानी भएको ३० दिनपछि मात्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा सूचना दिएको रहेछ वा सुचना दिएको रहेनछ। यी सवै अवस्थामा यो कम्पनीले यो विशेष सुविधा

पाउने छैन। बीमा भएको हकमा नोक्सानीको क्षतिपूर्ति बीमा कम्पनीबाटै हुने हुनाले वा तोकिएको ३० दिनको कानुनी म्यादभित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा जानकारी नगराएकाले उसले यस दफा बमोजिम आयकरमा लागत खर्च कट्टी र मूल्य अभिवृद्धि करमा खरिदमा कर कट्टीको सुविधा दाबी गर्न पाउने छैन।

३) साविकका बिक्री कर, मनोरञ्जन कर, होटल कर, ठेक्का कर रकम वा आयकरको दस्तुर, शुल्क, ब्याज, जरिबाना मिनाहासम्बन्धी विशेष व्यवस्था (दफा ३०)

कानुनी व्यवस्था

(१) अन्तःशुल्क ऐन, २०१५ बमोजिम बक्यौता रहेको अन्तःशुल्क र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्री कर वापत रहेको बक्यौता रकम मिनाहा हुनेछ।

(२) आयकर ऐन, २०३१ बमोजिम कर निर्धारण भई बक्यौता रहेको तर त्यस्तो बक्यौता राख्ने व्यक्तिले स्थायी लेखा नम्बर नलिएको र आय आर्जन कार्यमा संलग्न समेत नरहेको भए त्यस्तो बक्यौता सम्बन्धित कार्यालयले लगत कट्टा गर्न सक्नेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस व्यवस्था बमोजिम पुराना साविकका करहरूको लगत कट्टा वा मिनाहा हुनका लागि कानुनले निम्नलिखित सर्तहरू तोकेको छः

साविकका करहरूको हकमा - उपदफा (१):

- बक्यौता रकम साविकको अन्तःशुल्क ऐन, २०१५ बमोजिमको अन्तःशुल्क हुनुपर्नेछ, वा
- वि.सं. २०५४ सालमा मूल्य अभिवृद्धि कर ऐन २०५२ लागू हुनुअगाडि प्रचलित साविकका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्री कर बापतको बाँकी बक्यौता हुनुपर्नेछ।
- यस उपदफा अन्तर्गतको मिनाहा पाउन करदाताले कुनै रकम बुझाउनु वा निवेदन दिनु पर्दैन। यो राज्यका तर्फबाट स्वतः हुने मिनाहा हो।

साविकको आयकरको हकमा -उपदफा (२):

- बक्यौता कर साविकको आयकर ऐन, २०३१ बमोजिम कर निर्धारण भएको हुनुपर्नेछ। यस्तो निर्धारण आयकर ऐन, २०५८ आउनु भन्दा अगाडि वा पछाडि भएको हुन सक्छ।
- सम्बन्धित बक्यौता राख्ने व्यक्तिले हालसम्म स्थायी लेखा नम्बर (PAN) नलिएको हुनुपर्नेछ।
- उक्त व्यक्तिले हाल कुनै पनि प्रकारको व्यवसाय वा आय आर्जनको कार्यमा संलग्न नरहेको हुनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (साविकको बिक्री कर बक्यौता रहेको हकमा - उपदफा (१): वि.सं. २०५२ सालमा काठमाडौँमा सञ्चालित एक कपडा भण्डारको नाममा आन्तरिक राजस्व कार्यालयमा साविकको बिक्री कर बापत रु. ५०,०००.०० बक्यौता देखिइरहेको रहेछ। मूल्य अभिवृद्धि कर लागू भएपछि सो पसल बन्द भइसकेको रहेछ। यो विशेष ब्यवस्था अनुसार वि.सं. २०५२ सालको बिक्री कर बापतको रु. ५०,०००.०० बक्यौता रकम स्वतः र पूर्ण रूपमा मिनाहा हुनेछ। यसका लागि सम्वन्धित आन्तरिक राजस्व कार्यालय निवेदन दिनु पर्दैन।

उदाहरण २ (आयकर ऐन, २०३१ बमोजिमको लगत कट्टाको हकमा - उपदफा (२): वि.सं. २०४८ सालमा कर कार्यालयले एक व्यापारी "श्यामलाल" को नाममा साविकको आयकर ऐन, २०३१ बमोजिम रु. २,००,०००.०० कर निर्धारण गरेको रहेछ। श्यामलालले हालसम्म प्यान (PAN) नम्बर लिएका रहेनछन्, उनी वृद्ध भई सोही समय देखि कुनै व्यापार ब्यवसाय गरेका रहेनछन। प्रस्तुत ब्यवस्था अनुसार आन्तरिक राजस्व कार्यालयले आफ्नो स्रेस्ता परीक्षण गर्दा श्यामलालको नाममा प्यान नम्बर नभएको र उनी अथवा उनको प्रतिनिधिले निवेदन दिई हाल उनी कुनै आय आर्जनमा नरहेको स्वघोषणा गरेमा सम्बन्धित कार्यालय प्रमुखको निर्णयका आधारमा उक्त रु. २,००,०००.०० को पुरानो आयकर बक्यौताको लगत कट्टा हुनेछ।

४) विलासिता शुल्क तथा मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी विशेष व्यवस्था (दफा ३१) :

कानुनी व्यवस्था

(१) कुनै व्यक्तिले संवत् २०८२ भदौ २ गतेभन्दा अघि कानुन बमोजिम सुन तथा सुनको गरगहनामा लगाइएको विलासिता शुल्क र हीरा, जवाहरात, रत्न तथा पत्थरमा लगाइएको मूल्य अभिवृद्धि कर सम्बन्धित बिक्रेताले बिक्रीमा सङ्कलन नगरेको भएमा स्वतः मिनाहा हुनेछ र सोको विवरण समेत पेश गर्नुपर्ने छैन।

(२) आर्थिक वर्ष २०८२/८३ वा सोभन्दा अगाडि कुनै व्यक्तिले सुन तथा चाँदीको गरगहना लगायतका अन्य भाँडाकुँडा वा मूर्तिजन्य वस्तु निर्माण तथा मर्मतको कारोबारमा कानून बमोजिम मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा असुल नगरेको भए सो रकम र सोमा लाग्ने ब्याज, थप दस्तुर तथा जरिबाना मिनाहा हुनेछ र त्यस्ता व्यक्तिले कर विवरण समेत पेश गर्नुपर्ने छैन।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस व्यवस्थाबमोजिम विलासिता शुल्क, मूल्य अभिवृद्धि कर र सोको जरिबाना मिनाहा पाउनका लागि निम्नलिखित सर्तहरू पुरा गर्नुपर्छः

विलासिता शुल्क र हीरा/जवाहरातको मूल्य अभिवृद्धि करको हकमा - उपदफा (१):

- कारोबार संवत् २०८२ साल भदौ २ गतेभन्दा अघि भएको हुनुपर्नेछ।
- सम्बन्धित बिक्रेताले उपभोक्ता वा ग्राहकबाट उक्त विलासिता शुल्क वा मूल्य अभिवृद्धि कर रकम बिक्रीका बखत सङ्कलन नगरेको हुनुपर्नेछ।
- यो सुविधा बमोजिम स्वतः मिनाहा हुनेछ र करदाताले यसको विवरण समेत आन्तरिक राजस्व कार्यालयमा पेस गरिरहनु पर्दैन।

गहना, भाँडाकुँडा र मूर्ति निर्माण/मर्मत मूल्य अभिवृद्धि करको हकमा (उपदफा २):

- आर्थिक वर्ष २०८२/८३ वा सोभन्दा अगाडि सम्मको अवधिमा भएको कारोबार हुनुपर्नेछ।
- सुन तथा चाँदीको गरगहना, बहुमूल्य धातुका भाँडाकुँडा वा मूर्तिजन्य वस्तुहरूको निर्माण (ज्याला-मजदुरीमा बनाउने) तथा मर्मत (Repair/Crafting) गर्ने कारोबार हुनुपर्नेछ।
- कानुनबमोजिम मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने दायित्व भए तापनि व्यवसायीले ग्राहकसँग सो मूल्य अभिवृद्धि कर असुल नगरेको हुनुपर्नेछ।

- असुल नगरेको मूल्य अभिवृद्धि करको सावाँ रकम, सोमा लागेको ब्याज, थप दस्तुर तथा जरिबाना सबै पूर्ण रूपमा मिनाहा हुनेछ र करदाताले कर विवरण समेत बुझाउनु पर्दैन।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (हीराको गरगहना बिक्रीमा मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको हकमा - उपदफा (१): एक ज्वेलर्स "रत्न आभूषण भण्डार" ले संवत् २०८२ साल श्रावण महिनामा हीराको सेट बिक्री गर्दा ग्राहकसँग मूल्य अभिवृद्धि कर सङ्कलन गरेको रहेनछ र बिलमा मूल्य अभिवृद्धि कर समेत उल्लेख गरेको रहेनछ। यो विशेष व्यवस्था अनुसार कारोबार संवत् २०८२ भदौ २ गतेभन्दा अघिको भएको र बिक्रेताले मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको पुष्टि भएकाले, उक्त हीराको सेटमा लाग्ने मूल्य अभिवृद्धि कर स्वतः मिनाहा हुनेछ। ज्वेलर्सले यसको छुट्टै विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा पेस गरिरहनु पर्दैन।

उदाहरण २ (मूर्ति निर्माण तथा मर्मत ज्यालामा मूल्य अभिवृद्धि कर छुटेको हकमा - उपदफा (२): पाटनका एक हस्तकला कालिगढले आ.व. २०८२/८३ मा विभिन्न विदेशी तथा आन्तरिक ग्राहकका लागि चाँदीका पुराना मूर्ति मर्मत गर्ने र नयाँ मूर्ति बुट्टा भर्ने (निर्माण) काम गरे बापत रु. ३५,००,०००.०० ज्याला लिएका रहेछन्। मूल्य अभिवृद्धि करको थ्रेसहोल्ड नाघेकोमा उक्त सेवामा १३% मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा उनले ग्राहकसँग मूल्य अभिवृद्धि कर असुल गरेका रहेनछन्। प्रस्तुत व्यवस्था अनुसार सुनचाँदीका मूर्तिजन्य वस्तु निर्माण र मर्मतको कारोबारमा आ.व. २०८२/८३ वा सोभन्दा अघि असुल गर्न छुटेको मूल्य अभिवृद्धि कर रकम र सोमा लाग्ने जरिबाना/ब्याज पूर्ण रूपमा मिनाहा हुनेछ। ती कालिगढले सो अवधिको मूल्य अभिवृद्धि कर विवरण समेत बुझाउनु पर्ने छैन।

५) उपभोगको म्याद समाप्त भएका वा प्रयोग गर्न अयोग्य वस्तुको नष्ट गर्नेसम्बन्धी विशेष व्यवस्था (दफा ३२):

कानुनी व्यवस्था

अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लाग्ने वा नलाग्ने उपभोगको म्याद समाप्त भएका वा प्रयोग गर्न अयोग्य अवस्थामा उद्योग प्रतिष्ठान परिसरमा रहेका कच्चा पदार्थ, तयारी वा अर्ध तयारी अवस्थाका वस्तुहरू अन्तःशुल्क फिर्ता दावी नगर्ने शर्तमा जे जस्तो अवस्थामा छन् सोको स्थलगत मुचुल्का खडा गरी सम्वन्धित आन्तरिक राजस्व कार्यालयका प्रमुखको

संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि समेतको रोहबरमा संवत् २०८३ साल पुस मसान्तभित्र नष्ट गरी लगत कट्टा गर्न सकिनेछ। त्यसरी नष्ट गर्नुपूर्व गणना गरी पुनः प्रयोग गर्न सकिने वस्तुहरूका हकमा अभिलेख कायम गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयले पुनः प्रयोगको अनुमति दिन सक्नेछ।

करदाताले पालना गर्नुपर्ने शर्तहरू

यस विशेष व्यवस्था बमोजिम म्याद नाघेका वा अयोग्य वस्तुहरू नष्ट गरी लगत कट्टा (स्रेस्ता मिलान) गर्न उद्योग प्रतिष्ठान (करदाता) ले अनिवार्य रूपमा निम्नलिखित सर्तहरू पूरा गरेको हुनुपर्नेछः

- वस्तुहरू उपभोगको म्याद समाप्त (Expired) भएका वा प्रयोग गर्न अयोग्य (Unusable) अवस्थाका हुनु पर्नेछ र ती अनिवार्य रूपमा उद्योग प्रतिष्ठान परिसरभित्रै रहेका कच्चा पदार्थ, तयारी वा अर्ध तयारी अवस्थाका हुनुपर्नेछ।
- उपभोगको म्याद सकिएको मिति नखुलेका वस्तुहरु (कच्चा पदार्थ वा अर्ध तयारी वस्तुहरु) को हकमा उपभोगयोग्य रहे नरहेको सम्बन्धमा यकिन गर्न कार्यालयको रोहबरमा नमूना सङ्कलन गरी उक्त नमूनाको मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गराई प्रयोग/उपभोग गर्न अयोग्य रहेको भनी खुलेको परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।
- यस्ता वस्तुहरुको खरिदमा अन्तःशुल्क लागेको वा नलागेको जुनसुकै हुन सक्दछन्।
- उक्त वस्तुहरू नष्ट गरे बापत करदाताले कुनै पनि प्रकारको अन्तःशुल्क फिर्ता (Excise Refund) दाबी नगर्ने शर्त मन्जुर गर्नुपर्नेछ।
- वस्तु नष्ट गर्ने कार्य सम्बन्धित आन्तरिक राजस्व कार्यालयका प्रमुखको संयोजकत्वमा गठित ४ सदस्यीय समिति (जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि) को प्रत्यक्ष रोहबरमा हुनुपर्नेछ।
- वस्तुहरू जे जस्तो अवस्थामा छन्, सोको यथार्थ विवरण खोली अनिवार्य रूपमा स्थलगत मुचुल्का खडा गरिएको हुनुपर्नेछ।
- नष्ट गर्नुपूर्व यदि कुनै वस्तु पुनः प्रयोग गर्न सकिने प्रकृतिको देखिएमा, गणना गरी सोको छुट्टै अभिलेख राखी आन्तरिक राजस्व कार्यालयबाट पुनः प्रयोगको अनुमति लिनु पर्नेछ।

- यो सम्पूर्ण प्रक्रिया पूरा गरी वस्तु नष्ट गर्ने र लगत कट्टा गर्ने कार्य संवत् २०८३ साल पुस मसान्तभित्रै गरिसक्नुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (म्याद नाघेको बियर र कच्चा पदार्थ नष्ट गरेको हकमा): एक पेय पदार्थ उत्पादक उद्योग "नेपाल ब्रुअरी (काल्पनिक नाम)" को उद्योग परिसरमा कोभिड वा बजार मन्दीका कारण रु. ५० लाख बराबरको म्याद नाघेको बियर (तयारी वस्तु) र जौ/कच्चा पदार्थ थुप्रिएर प्रयोग गर्न अयोग्य भएको छ। उद्योगले उक्त वस्तुहरुमा तिरेको अन्तःशुल्क फिर्ता दाबी नगर्ने निर्णय गर्‍यो। प्रस्तुत व्यवस्था अनुसार उद्योगले आन्तरिक राजस्व कार्यालयमा निवेदन दिएपछि, कार्यालय प्रमुखको संयोजकत्वमा गठित ४ सदस्यीय समिति (जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि) उद्योग परिसरमै पुग्नेछन्। समितिको रोहबरमा उक्त वस्तुहरु जे जस्तो अवस्थामा छन् सोको स्थलगत मुचुल्का खडा गरी संवत् २०८३ साल पुस मसान्तभित्र नष्ट गरिनेछ र उद्योगको स्रेस्ताबाट सो बराबरको मौज्दात (Stock) को वैध रूपमा लगत कट्टा हुनेछ।

उदाहरण २ (नष्ट गर्नुपूर्व पुनः प्रयोग गर्न सकिने वस्तुको हकमा): एउटा जुस उद्योगले म्याद नाघेको जुस नष्ट गर्ने प्रक्रिया सुरु गर्‍यो। उक्त समितिले निरीक्षण गर्दा जुसको उपभोग अवधि सकिएको भए तापनि उक्त वस्तु प्याकिङ्ग गरिएका सिसाका बोतल वा प्लास्टिकका केही कन्टेनरहरू पुनः प्रयोग गर्न सकिने देखियो। प्रस्तुत व्यवस्था अनुसार समितिले नष्ट गर्नुपूर्व पुनः प्रयोग हुन सक्ने बोतल वा प्याकेजिङ सामग्रीहरूको छुट्टै गणना गरी अभिलेख राखी जुसलाई नष्ट गरिनेछ र पुनः प्रयोग गर्न सकिने बोतलहरू सम्बन्धित आन्तरिक राजस्व कार्यालयले पुनः प्रयोग गर्न पाउने गरी पुनः प्रयोगको अनुमति दिन सक्नेछ।

६) अन्तःशुल्क टिकट नष्ट गर्नेसम्बन्धी विशेष व्यवस्था (दफा ३३):

कानुनी व्यवस्था

जेनजी आन्दोलनका क्रममा जलेर पूर्ण वा आंशिक रुपमा नष्ट भएका र अन्य विविध कारणले प्रयोग गर्न अयोग्य भई गोदाममा रहेका अन्तःशुल्क टिकटहरू जे जस्तो अवस्थामा छन् सोको लगत भिडान तथा स्थलगत मुचुल्का खडा गरी सम्वन्धित कार्यक्षेत्र पर्ने आन्तरिक राजस्व

कार्यालयका प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रतिनिधि समेतको रोहवरमा नष्ट गरी लगत कट्टा गरिनेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

- टिकटहरू जेनजी आन्दोलनका क्रममा जलेका (पूर्ण/आंशिक) वा अन्य विविध कारणले प्रयोग गर्न अयोग्य भई गोदाममा मौज्दात हुनुपर्नेछ।
- मौज्दातमा उपलब्ध टिकटको भौतिक अवस्था र प्रणाली/स्रेस्ताको लगत भिडान र स्थलगत मुचुल्का भएको हुनुपर्नेछ।
- आन्तरिक राजस्व कार्यालयका प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय र को.ले.नि.का.को प्रतिनिधि रहने समितिको प्रत्यक्ष रोहवरमा नष्ट गरी लगत कट्टा गर्नुपर्नेछ।

सान्दर्भिक उदाहरणः

अन्तःशुल्क टिकट भण्डारण गर्ने केन्द्रीय गोदाम, आन्तरिक राजस्व कार्यालय, र अन्तःशुल्क इकाई कार्यालयका गोदाममा रहेका अन्तःशुल्क टिकटहरू जेनजी आन्दोलनका क्रममा जलेर आंशिक वा पूर्ण रूपमा नष्ट भएका वा अन्य विविध कारणले प्रयोग गर्न अयोग्य अवस्थामा रहेछन्। प्रस्तुत व्यवस्था अनुसार अन्तःशुल्क निरीक्षक/अधिकृतले निवेदन दिएपछि आन्तरिक राजस्व कार्यालयका प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय र को.ले.नि.का.को प्रतिनिधि स्थलगत निरीक्षणमा पुग्नेछन्। उक्त अन्तःशुल्क टिकटहरू जे जस्तो अवस्थामा छन्, सोही रूपमा प्रतिनिधिहरु समक्ष पेस गर्नु पर्नेछ। प्रतिनिधिहरु समक्ष पेश भएका अन्तःशुल्क टिकटहरूको निरीक्षण र लगत भिडान तथा स्थलगत मुचुल्का खडा गरी आन्तरिक राजस्व कार्यालयका प्रमुखको संयजकत्वमा जिल्ला प्रशासन कार्यालय र को.ले.नि.का.को प्रतिनिधिको रोहवरमा नष्ट गरी लगत कट्टा गर्नुपर्नेछ।

७) दायरामा आउने निकायलाई आयकर छुट सम्बन्धी विशेष व्यवस्था (दफा ३७) :

कानुनी व्यवस्था

स्थायी लेखा नम्बर लिएका वा नलिएका विश्वविद्यालय, कुटनीतिक निकाय, विकास साझेदार वा नेपालमा लगानी गर्ने गैरबासिन्दा व्यक्तिले आर्थिक वर्ष २०८२/८३ सम्मको भुक्तानीको स्रोतमा कट्टी गरिएको अग्रिम कर रकम बाहेक आय विवरण तथा आयकर दाखिला गर्नुपर्ने

छैन। सामुदायिक विद्यालय तथा सामुदायिक स्वास्थ्य संस्थाले संवत् २०८३ साल पुस मसान्तभित्र आर्थिक वर्ष २०८२/८३ को आय विवरण र सो आय विवरण बमोजिमको कर रकम दाखिला गरी निवेदन दिएमा सोभन्दा अगाडिको आय विवरण दाखिला गर्नुपर्ने छैन र आयमा लाग्ने कर, ब्याज तथा शुल्क मिनाहा हुनेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

पहिलो खण्ड (विश्वविद्यालय, कूटनीतिक निकाय, विकास साझेदार र गैरबासिन्दा लगानीकर्ता) का लागिः

- आर्थिक वर्ष २०८२/८३ सम्मको भुक्तानीको स्रोतमा कट्टी भइसकेको कर (TDS) बाहेक अन्य थप कर तिर्नु पर्ने छैन।
- यी निकायले विगतका वर्षहरूको आय विवरण (Tax Return) र आयकर दाखिला गरिरहनु पर्दैन (प्यान लिएको वा नलिएको दुवै हकमा)।

दोस्रो खण्ड (सामुदायिक विद्यालय तथा सामुदायिक स्वास्थ्य संस्था) का लागिः

- आर्थिक वर्ष २०८२/८३ को आय विवरण र सो विवरण बमोजिमको कर रकम बुझाएको हुनुपर्नेछ।
- उक्त विवरण र कर संवत् २०८३ साल पुस मसान्तभित्र दाखिला गरी कार्यालयमा मिनाहाका लागि निवेदन दिनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (कूटनीतिक निकाय/विकास साझेदारको हकमा): नेपालमा कार्यरत एक अन्तर्राष्ट्रिय विकास साझेदार संस्था "ग्लोबल एड एजेन्सी (काल्पनिक नाम)" ले आ.व. २०८२/८३ सम्म विभिन्न परामर्शदाताहरूलाई भुक्तानी गर्दा नियम अनुसारको स्रोतमा कर कट्टी (TDS) दाखिला गरेको रहेछ। तर संस्था आफैंले आफ्नो संस्थागत आय विवरण (Income Return) विगत ५ वर्षदेखि आन्तरिक राजस्व कार्यालयमा बुझाएको रहेनछ। प्रस्तुत ब्यवस्था अनुसार उक्त विकास साझेदारले स्रोतमा कट्टी भइसकेको करबाहेक आ.व. २०८२/८३ सम्मको आफ्नो कुनै पनि पुराना वर्षहरूको आय विवरण तथा थप आयकर दाखिला गर्नु पर्ने छैन। कार्यालयले पुराना विवरण नबुझाए बापत उसलाई कुनै जरिबाना वा शुल्क लगाउन पाउने छैन।

उदाहरण २ (सामुदायिक विद्यालयले सटर भाडा उठाएको र दायरामा आएको हकमा): एक ग्रामीण क्षेत्रको सामुदायिक विद्यालयले आफ्नो स्वामित्वमा रहेको भवनका सटरहरू भाडामा

लगाएर आ.व. २०७५/७६ देखि वार्षिक रु. ३,००,०००.०० आम्दानी गरिरहेको रहेछ। विद्यालयले सो आयको कर विवरण बुझाएको रहेनछ। यस व्यवस्था अनुसार उक्त सामुदायिक विद्यालयले संवत् २०८३ साल पुस मसान्तभित्र आर्थिक वर्ष २०८२/८३ को मात्र आय विवरण तयार गरी सो वर्षको कर रकम दाखिला गरी मिनाहाका लागि निवेदन दिएको रहेछ भने विद्यालयले आ.व. २०८१/८२ वा सोभन्दा अघिका पुराना कुनै पनि वर्षको आय विवरण बुझाउनु पर्ने छैन। ती पुराना वर्षहरूको आयमा लाग्ने सम्पूर्ण कर, ब्याज, थप दस्तुर र जरिबाना पूर्ण रूपमा मिनाहा हुनेछ।

८) संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका वा अन्य संस्थालाई कर ब्याज तथा शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्था (दफा ३८) :

कानुनी व्यवस्था

संस्था खारेजी हुँदा बाँकी रहेको सम्पत्ति नेपाल सरकारको हुने गरी विधानमा व्यवस्था भएका नाफा नकमाउने उद्देश्य राखी संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको संस्था आयकर ऐन, २०५८ बमोजिम कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको वा नभएको भए तापनि त्यस्तो संस्थाले संवत् २०८३ साल पुस मसान्तभित्र आर्थिक वर्ष २०८२/८३ को आय विवरण दाखिला गरेमा सो आर्थिक वर्ष र सो भन्दा अगाडि संस्थाले प्राप्त गरेको दान, चन्दा तथा उपहार बापतको रकमबाट सिर्जित करयोग्य आयमा लाग्ने कर, ब्याज तथा शुल्क मिनाहा हुनेछ। त्यस्तो संस्थाले प्राप्त गरेको दान, चन्दा तथा उपहार बापतको रकम मात्र आय भएमा आय विवरण समेत पेश गर्नुपर्ने छैन।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

- संस्था खारेजी हुँदा बाँकी रहेको सम्पत्ति नेपाल सरकारको हुने गरी विधानमा स्पष्ट व्यवस्था भएको हुनुपर्नेछ।
- संस्था दर्ता ऐन, २०३४ बमोजिम मुनाफा नकमाउने उद्देश्यले दर्ता भएको संस्था हुनुपर्नेछ।
- आयकर ऐन, २०५८ बमोजिम कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको वा नभएको दुवैले यो सुविधा पाउन सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्नेछ।

- आर्थिक वर्ष २०८२/८३ को आय विवरण संवत् २०८३ साल पुस मसान्तभित्र दाखिला गर्नुपर्नेछ।
- दान, चन्दा तथा उपहार बापतको रकमबाट सिर्जित करयोग्य आयमा लाग्ने कर, ब्याज तथा शुल्क सबै मिनाहा हुनेछ।
- संस्थाको आम्दानीमा दान, चन्दा तथा उपहार बापतको रकम मात्र आय भएमा आय विवरण समेत पेस गर्नु पर्ने छैन।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (दान-चन्दाको करयोग्य आयमा सुविधा र विवरण पेस गरेको हकमा): संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको एउटा सामाजिक संस्था "ग्रामीण विकास समाज (काल्पनिक नाम)" को विधानमा खारेज हुँदा सम्पत्ति सरकारको हुने व्यवस्था छ। तर, यो संस्था आयकर ऐनको दफा २(ध) बमोजिम कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको रहेनछ। संस्थाले आ.व. २०८०/८१ र २०८१/८२ मा विदेशी दातृ निकाय र स्थानीय दाताहरूबाट रु. ३० लाख चन्दा र उपहार प्राप्त गर्‍यो। कर छुटको प्रमाणपत्र नभएकाले आन्तरिक राजस्व कार्यालयले उक्त रकमलाई करयोग्य आय मानी कर र ब्याज भुक्तानीको ताकेता गरेको रहेछ। प्रस्तुत व्यवस्था अनुसार उक्त संस्थाले संवत् २०८३ साल पुस मसान्तभित्र आर्थिक वर्ष २०८२/८३ को आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी मिनाहाका लागि निवेदन दिएमा आ.व. २०८२/८३ र सोभन्दा अघिका पुराना वर्षहरूमा प्राप्त गरेको रु. ३० लाख चन्दा तथा उपहार बापतको रकममा लाग्ने सम्पूर्ण आयकर, ब्याज र शुल्क पूर्ण रूपमा मिनाहा हुनेछ।

उदाहरण २ (दान-चन्दा मात्र आय भएकाले विवरण समेत बुझाउनु नपर्ने हकमा): "बाल कल्याण कोष" नामक नाफा नकमाउने संस्थाको विधानमा पनि खारेजीमा सम्पत्ति सरकारको हुने व्यवस्था छ। यस संस्थाको आर्थिक वर्ष २०८२/८३ र सोभन्दा अघिका वर्षहरूमा सदस्यहरूबाट उठाइएको सदस्यता शुल्क, दान र चन्दा बाहेक अन्य कुनै पनि व्यावसायिक आय (जस्तै ब्याज, बहाल वा सेवा शुल्क) रहेनछ। प्रस्तुत व्यवस्था अनुसार यो संस्थाको आम्दानीको स्रोत 'दान, चन्दा तथा उपहार मात्र' भएकाले, यस दफाको अन्तिम वाक्यांश बमोजिम

संस्थाले आर्थिक वर्ष २०८२/८३ को र सोभन्दा अगाडिका वर्षहरूको कुनै पनि आय विवरण (Tax Return) समेत पेस गरिरहनु पर्ने छैन र यस प्रकारको आयमा लाग्ने कर स्वतः शून्य र मिनाहा हुनेछ।

९) बीमा अभिकर्ताको लागि ब्याज, थप दस्तुर तथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था (दफा ३९)

कानुनी व्यवस्था

बीमा अभिकर्ताको व्यवसाय गर्ने कुनै पनि व्यक्तिले आर्थिक वर्ष २०८२/८३ वा सोभन्दा अघि कानुन बमोजिम मूल्य अभिवृद्धि कर असुल नगरेको भएमा लाग्ने कर र सोमा लाग्ने ब्याज, थप दस्तुर तथा जरिबाना मिनाहा हुनेछ र त्यस्तो व्यक्तिले कर विवरण समेत पेश गर्नुपर्ने छैन।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

- करदाता अनिवार्य रूपमा बीमा अभिकर्ता (Insurance Agent) को व्यवसाय वा काम गर्ने व्यक्ति हुनुपर्नेछ।
- यो सुविधा आर्थिक वर्ष २०८२/८३ वा सोभन्दा अघिका सबै आर्थिक वर्षहरूको कारोबारमा मात्र लागू हुनेछ।
- कानुन बमोजिम मूल्य अभिवृद्धि कर (VAT) असुल गर्नुपर्ने दायित्व भएकोमा अभिकर्ताले सो कर असुल नगरेको (नउठाएको) हुनुपर्नेछ।
- यस सहुलियतका लागि करदाताले कुनै पनि कर विवरण (Tax Return) समेत पेस गरिरहनु पर्ने छैन, यो स्वतः मिनाहा हुनेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (विगतमा कमिसन लिँदा मूल्य अभिवृद्धि कर असुल नगरेको हकमा): एक जीवन बीमा कम्पनीका अभिकर्ता "हरिप्रसाद शर्मा (काल्पनिक नाम)" ले आ.व. २०८०/८१ र २०८१/८२ मा विभिन्न बीमा पोलिसी बिक्री गरे बापत कुल रु. १५,००,०००.०० कमिसन प्राप्त गर्नुभएको रहेछ। कानुन अनुसार सो कमिसनमा १३% मूल्य अभिवृद्धि कर असुल हुनुपर्नेमा उनले बीमा कम्पनी वा ग्राहक कसैबाट पनि मुल्य अभिवृद्धि कर असुल गरेका रहेनछन्। प्रस्तुत व्यवस्था अनुसार हरिप्रसादले आ.व. २०८२/८३ वा सोभन्दा अघि मूल्य अभिवृद्धि कर असुल नगरेको हुनाले यो ब्यवस्था बमोजिम उहाँले सो कमिसन बापतको मूल्य अभिवृद्धि कर

सावाँ रकम तिर्नु पर्दैन। साथै, सो रकममा लाग्ने सम्पूर्ण ब्याज, थप दस्तुर तथा जरिबाना पूर्ण रूपमा मिनाहा हुनेछ र उहाँले कार्यालयमा गएर कुनै विवरण बुझाउनु पर्ने छैन।

१०) आयकरको ब्याज तथा शुल्क मिनाहासम्बन्धी विशेष व्यवस्था (दफा ४०)

कानुनी व्यवस्था

(१) *कुनै व्यक्तिले विगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गरी आयकर दाखिला नगरेको भएमा त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७९/०८० देखि २०८२/०८३ सम्मको आय विवरण संवत् २०८३ साल पुस मसान्त सम्ममा दाखिला गरी सो बमोजिम लाग्ने कर दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज रकम मिनाहा हुनेछ र सोभन्दा अगाडिको आय वर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत बुझाउनु पर्ने छैन।*

(२) *विगतमा स्थायी लेखा नम्बर लिई करको दायरामा आइसकेका, तर कुनै आय आर्जन वा कारोबार नगरेका करदाताले आर्थिक वर्ष २०८१/०८२ वा सो भन्दा अघिदेखिको आय विवरण दाखिला नगरेको भए त्यस्ता व्यक्तिले दर्ता खारेज गर्न वा कारोबार सञ्चालन गरी सक्रिय हुन चाहेमा आर्थिक वर्ष २०८२/०८३ को आय विवरण तथा सो बमोजिमको कर दाखिला गरी संवत् २०८३ साल पुस मसान्तभित्र सम्बन्धित कार्यालयमा दर्ता खारेजीको लागि वा कारोबार सुचारु गर्न निवेदन दिएमा सो भन्दा अघिका आर्थिक वर्षहरूको आय विवरण दाखिला गर्नुपर्ने छैन। सो म्यादभित्र निवेदन नदिएमा त्यस्ता स्थायी लेखा नम्बर स्वतः प्रणालीबाट दर्ता खारेज गरिनेछ र पछि सक्रिय वा पुनः सञ्चालन गर्न चाहेमा त्यस्ता व्यक्तिले सो अवधिसम्मको आय विवरण र सो बमोजिमको कर, शुल्क तथा ब्याज दाखिला गर्नुपर्नेछ।*

(३) *आयकर ऐन, २०५८ बमोजिम स्थायी लेखा नम्बर लिई आय आर्जन गरी कर तथा विवरण बुझाउन बाँकी रहेका व्यक्तिले त्यस्तो कर र सोको एक प्रतिशतले हुने थप रकम तथा आय विवरण संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।*

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस व्यवस्था बमोजिम आयकरको ब्याज र शुल्क मिनाहा पाउन करदाताले निम्न सर्तहरू पूरा गर्नुपर्छः

- उपदफा (१) को लागि संवत् २०८३ पुस मसान्तभित्र अनिवार्य प्यान (PAN) लिई पछिल्ला ४ वर्ष (आ.व. २०७९/८० देखि २०८२/८३) को आय विवरण र कर दाखिला गर्नुपर्नेछ।
- उपदफा (२) को सुविधाको लागि दर्ता भए देखि कुनै कारोवार नगरेको, विवरण दाखिला नगरेको वा कुनै वर्षको मात्र विवरण दाखिला गरेको भए तापनि कुनै कारोवार नगरेको हुनु पर्ने छ ।सोको लागि आ.व. २०८२/८३ को आय विवरण र कर बुझाई संवत् २०८३ साल पुस मसान्तभित्र 'दर्ता खारेजी' वा 'कारोबार सुचारु' को निवेदन दिनुपर्नेछ। संवत् २०८३ साल पुस मसान्तभित्र बाँकी रहेको आय विवरण, मूल कर (सावाँ) र सोको थप १ प्रतिशत (१%) रकम अनिवार्य बुझाउनुपर्नेछ।
- सबै उपदफाहरूको सहुलियत लिन संवत् २०८३ साल पुस मसान्तभित्रै प्रक्रिया पूरा गरिसक्नुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (नयाँ प्यान लिनेको हकमा - उपदफा (१): श्री कृष्ण थापाले वि.सं. २०७५ देखि एउटा कन्सल्टिङ फर्म स्थायी लेखा नम्वर विना नै चलाएर आम्दानी गरिरहनुभएको रहेछ। प्रस्तुत व्यवस्था अनुसार उहाँले संवत् २०८३ साल पुस मसान्तभित्र नयाँ प्यान लिएर आ.व. २०७९/८० देखि २०८२/८३ सम्म ४ वर्षको आय विवरण र कर बुझाएमा निजलाई कुनै शुल्क तथा ब्याज लाग्ने छैन। साथै, वि.सं. २०७५ देखि २०७९ सम्मको अवधिको कर र आय विवरण समेत बुझाउनु पर्दैन।

उदाहरण २ (निष्क्रिय करदाताको हकमा - उपदफा (२): "एभरेष्ट ट्रेडिङ" ले आ.व. २०७५/७६ मा स्थायी लेखा नम्वर लिएको रहेछ। तर कुनै कारोबार गरेको रहेनछ र हालसम्म आय विवरण पनि बुझाएको रहेनछ। प्रस्तुत सुविधा अनुसार कम्पनीले आ.व. २०८२/८३ को आय विवरण र सोको कर बुझाई संवत् २०८३ साल पुस मसान्तभित्र 'दर्ता खारेजी' को वा व्यवसाय संचालनको लागि निवेदन दिएमा, अघिल्ला ७ वर्षका छुटेका आय

विवरण र सोको शुल्क तथा ब्याज बुझाउनु पर्दैन। यदि निवेदन नदिए प्यान स्वतः खारेज हुनेछ।

११) मूल्य अभिवृद्धि करको जरिबाना र ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था (दफा ४१)

कानुनी व्यवस्था

(१) मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले विगतमा कर लाग्ने कारोबार गरी मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिला नगरेको भएमा सङ्कलन गर्नुपर्ने कर र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तसम्म दाखिला गरी संवत् २०८२ साल चैत सम्मको कर विवरण पेश गरेमा ब्याज, थप दस्तुर तथा जरिबाना रकम मिनाहा हुनेछ।

(२) मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले विगतमा कर लाग्ने कारोबार गरी कर सङ्कलन गरेका तर कर विवरण पेश नगरेको भए संवत् २०८२ साल चैतसम्मको कर विवरण संवत् २०८३ साल पुस मसान्तसम्म दाखिला गरी विवरण अनुसारको कर र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा ब्याज, थप दस्तुर तथा जरिबाना रकम मिनाहा हुनेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस विशेष सहुलियतको लाभ लिनका लागि करदाताले निम्न सर्तहरू पालना गरेको हुनुपर्नेछः

- करदाता मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको व्यक्ति हुनुपर्नेछ।
- करदाताले विगतमा कर लाग्ने कारोबार गरेको तर कर सङ्कलन र दाखिला नगरेको वा कर सङ्कलन गरेर पनि कर विवरण पेश नगरेको अवस्था हुनुपर्नेछ।
- करदाताले संवत् २०८२ साल चैतसम्मको मूल्य अभिवृद्धि कर विवरण अनिवार्य रूपमा पेश गरेको हुनुपर्नेछ।
- उक्त विवरण अनुसारको सावाँ कर रकम र सो करको थप एक प्रतिशत (१%) ले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र अनिवार्य रूपमा दाखिला गरेको हुनुपर्नेछ।
- यो सुविधा प्राप्त गर्न करदाताले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा अनिवार्य रूपमा निवेदन दिनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (कर सङ्कलन र दाखिला नगरेको करदाताको हकमा): मूल्य अभिवृद्धि करमा दर्ता रहेको "नेपाल इलेक्ट्रिकल्स" ले आ.व. २०८१/८२ मा कतिपय ग्राहकहरूलाई मूल्य अभिवृद्धि कर बिल नकाटी सामान बेचेको हुनाले रु. ५०,०००.०० मूल्य अभिवृद्धि कर सरकारी खातामा दाखिला हुन छुटेको थियो। उक्त कम्पनीले संवत् २०८३ साल पुस मसान्तभित्र २०८२ चैतसम्मको सो अवधिको कर विवरण र सावाँ कर रु. ५०,०००.०० तथा सोको १% थप रकम रु. ५००.०० गरी जम्मा रु. ५०,५००.०० राजस्व दाखिला गर्दछ। यसो गरेमा कम्पनीलाई लाग्ने सम्पूर्ण ब्याज, थप दस्तुर र जरिबाना रकम पूर्ण रूपमा मिनाहा हुनेछ।

उदाहरण २ (कर सङ्कलन गरेको तर विवरण पेश नगरेको करदाताको हकमा): "ग्लोबल ट्रेडिङ कम्पनी" ले आ.व. २०८१ साल माघ महिनामा सामान बिक्री गर्दा ग्राहकबाट रु. १,००,०००.०० कर सङ्कलन गरेको थियो। तर कम्पनीले सोको कर विवरण (VAT Return) नवुझाएको अवस्थामा यो स्कीम अन्तर्गत कम्पनीले संवत् २०८३ साल पुस मसान्तभित्र सो अवधिको कर विवरण प्रणालीमा प्रविष्ट (Submit) गरी सावाँ कर रु. १,००,०००.०० र सोको १% थप रकम (रु. १,०००.००) गरी कुल रु. १,०१,०००.०० दाखिला गरी निवेदन दिएमा, विवरण ढिला बुझाए बापत लाग्ने ब्याज, थप दस्तुर र जरिबाना रकम पूर्ण रूपमा मिनाहा हुनेछ र कम्पनीको स्रेस्ता नियमित हुनेछ।

१२) **पनीरमा मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धमा** (दफा ४२) :

कानुनी व्यवस्था

दूधबाट बन्ने पनीरको विगतमा भएको बिक्रीमा असुल नभएको तिर्न बाँकी मूल्य अभिवृद्धि कर मिनाहा गरिएको छ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस विशेष सहुलियत (स्किम) को लाभ लिनका लागि करदाताले निम्न सर्तहरू पालना गरेको हुनुपर्नेछः

- कारोबार मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको वा कर लाग्ने दायरामा रहेको उद्योग वा व्यावसायिक प्रतिष्ठानको हुनुपर्नेछ।
- मिनाहा दाबी गरिएको वस्तु अनिवार्य रूपमा दुधबाट बन्ने पनीर (Cheese) हुनुपर्नेछ।

- उक्त पनीरको विगतमा भएको बिक्रीमा ग्राहक वा उपभोक्ताबाट मूल्य अभिवृद्धि कर असुल नभएको यथार्थ अवस्था हुनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (डेरी उद्योगको कर बक्यौता मिनाहाको हकमा): "कञ्चनजङ्घा डेरी उद्योग" ले आ.व. २०८१/८२ मा स्थानीय बजारमा दुधबाट उत्पादित पनीर बिक्री गर्दा ग्राहकहरूसँग मूल्य अभिवृद्धि कर असुल गरेको रहेनछ। आन्तरिक राजस्व कार्यालयले २०८२ साल चैतमा कर निर्धारण गर्दा उक्त पनीर बिक्रीमा रु. २,००,००० मूल्य अभिवृद्धि कर तिर्नुपर्ने गरी बक्यौता कायम गरेको रहेछ। उक्त रु. २ लाख रुपैयाँ मूल्य अभिवृद्धि कर ग्राहकबाट असुल नभएको र तिर्न बाँकी रहेको हुनाले यस सुविधा बमोजिम उक्त कर रकम पूर्ण रूपमा मिनाहा हुनेछ र उद्योगले सो कर भुक्तानी गर्नुपर्ने छैन।

उदाहरण २ (कर सङ्कलन भइसकेको अवस्थामा यो व्यवस्था लागू नहुने): "काठमाडौं फूड मार्ट" ले २०८२ सालको वैशाख महिनामा पनीर बिक्री गर्दा ग्राहकहरूबाट मूल्य अभिवृद्धि कर बिल नै जारी गरी विधिवत रूपमा रु. ५०,०००.०० मूल्य अभिवृद्धि कर सङ्कलन गरेको रहेछ। तर सो कर सरकारी खातामा दाखिला गर्न बाँकी रहेछ। यो व्यवस्था केवल ग्राहकबाट "असुल नभएको" करको हकमा मात्र लागू हुने भएकाले, उक्त मार्टले ग्राहकबाट उठाइसकेको रु. ५०,०००.०० कर मिनाहा पाउने छैन। उक्त रकम बुझाउनुपर्ने हुन्छ।

१३) अन्तःशुल्कको जरिबाना र विलम्ब शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्था (दफा ४३):

कानुनी व्यवस्था

(१) अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिएका वा नलिएका व्यक्तिले विगतमा अन्तःशुल्कजन्य वस्तुको कारोबार गरी अन्तःशुल्क असुल उपर नगरेको भएमा त्यस्ता प्रतिष्ठानले आफूले बुझाउनु पर्ने सोही ऐनको दफा १०क. बमोजिमको विवरण र सो विवरण बमोजिमको अन्तःशुल्क रकम तथा त्यस्तो रकमको एक प्रतिशतले हुने रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लाग्ने विलम्ब शुल्क र जरिबाना मिनाहा हुनेछ।

(२) अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा संवत् २०८३ असोज मसान्तभित्र आर्थिक वर्ष २०८२/८३ को लागि नवीकरण बापत बुझाउनु

पर्ने दस्तुर बुझाई नवीकरण गरेमा बाँकी आर्थिक वर्षहरूको लाग्ने नवीकरण दस्तुर र जरिबाना मिनाहा हुनेछ। सो अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र भने स्वतः खारेज हुनेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरु

यस व्यवस्थाबमोजिम अन्तःशुल्कको जरिबाना, विलम्ब शुल्क र पुराना नवीकरण शुल्कहरू मिनाहा पाउन इजाजतपत्रवाला वा व्यवसायीले निम्नलिखित सर्तहरू पूरा गर्नुपर्छः

अन्तःशुल्क विवरण नबुझाउनेको हकमा -उपदफा (१):

- अन्तःशुल्क ऐन बमोजिम इजाजतपत्र लिएका वा नलिएका दुवै प्रकारका व्यवसायी सहभागी हुन पाउनेछ।
- विगतमा बुझाउन छुटेको अन्तःशुल्क विवरण (दफा १०क. बमोजिम) पेस गरी मूल अन्तःशुल्क रकम र सोको थप १ प्रतिशत (१%) रकम राजस्व खातामा दाखिला गर्नु पर्नेछ।
- संवत् २०८३ साल पुस मसान्तभित्र सम्पूर्ण रकम बुझाइ निवेदन दिइ सक्नुपर्नेछ।

इजाजतपत्र नवीकरणको हकमा -उपदफा (२):

- विगतका वर्षहरूमा तोकिएको समयभित्र आफ्नो अन्तःशुल्क इजाजतपत्र (License) नवीकरण नगराएको हुनुपर्नेछ।
- कारोबारलाई निरन्तरता दिन चाहेमा आर्थिक वर्ष २०८२/८३ को नवीकरणबापत लाग्ने दस्तुर बुझाउनुपर्नेछ।
- नवीकरणका लागि संवत् २०८३ साल असोज मसान्तभित्रै आर्थिक वर्ष २०८२/८३ को नवीकरणबापत लाग्ने दस्तुर र जरिवाना बुझाइ निवेदन दिइसक्नुपर्नेछ (यो म्याद नाघेमा इजाजतपत्र स्वतः खारेज हुनेछ)। छुट अवधिपछि इजाजतपत्र नवीकरण गर्न आएमा बाकीं अवधि र हालसम्मको सबै इजाजत दस्तुर र जरिवाना लाग्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १

एबिसि उद्योगले संवत् २०८२ साल श्रावण २ गते अन्तःशुल्क इजाजत लिई कारोबार गरिरहेको रहेछ। उक्त मिति देखि हालसम्म उक्त उद्योगले अन्तःशुल्क असुल उपर नगरेको र

सोको अन्तःशुल्क विवरणसमेत बुझाएको रहेनछ। करदाताले सम्बत् २०८२ साल भदौ महिना देखि संवत् २०८२ साल चैतसम्मको प्रत्येक महिनाको (८ वटा) अन्तःशुल्क विवरण बमोजिमको एकमुष्ट अन्तःशुल्क रुकम रु.१२६४३१.००, विलम्ब शुल्क(LP) रु.४१५६.०० र जरिवाना (LF)रु.८०००.०० समेत गणना भई जम्मा अन्तःशुल्क रकम रु. १३८५८७.०० तिर्नुपर्ने दायित्व देखिएको छ। यस्तो अवस्थामा करदाताले सम्बत् २०८२ साल भदौ महिना देखि संवत् २०८२ साल चैतसम्मको प्रत्येक महिनाको (८ वटा) अन्तःशुल्क विवरण र सो विवरण बमोजिमको अन्तःशुल्क रुकम रु.१२६४३१.०० तथा सो रकमको एक प्रतिशतले हुने रकम रु. १२४६.३१ समेत दाखिल गरी कार्यालयमा तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्दछ। सो निवेदन उपर कार्यालयले जाँचबुझ तथा निर्णय गरी ऐनबमोजिमको छुट सुविधा प्रदान गर्नु पर्दछ।इजाजतपत्र नलिएका करदाताको हकमा करदाताले नियमानुसार इजाजतपत्र दर्ताको लागि समेत निवेदन पेश गर्नुपर्दछ र कार्यालयले निर्णय गरी इजाजतपत्र प्रदान गर्नु पर्दछ।

उदाहरण २

प्रेम तिम्सिनाले सम्वत् २०६९ भदौ १३ मा सुनवर्षी नगरपालिका, झपडतल, वडा नम्बर ६ मा नवीन होटल नामको व्यवसाय दर्ता गरी मदिरा विक्री वितरण गर्ने होटल, रेष्टुरेन्ट, लज र बार (उपत्यका बाहिर) को अन्तःशुल्क इजाजतपत्र लिएकोमा हालसम्म अन्तःशुल्क इजाजतपत्र नवीकरण गराएका रहेनछन्। यस्तो अवस्थामा अन्तःशुल्क ऐन, २०५८ बमोजिम निजको अन्तःशुल्क नवीकरण दस्तुर र जरिवानाबापत निम्नानुसार अन्तःशुल्क दाखिल गर्नुपर्ने हुन आउछ।

कारोबारको विवरण	आर्थिक बर्ष	देखि	सम्म	दस्तुर	जरिवाना	दाखिल गर्नु पर्ने रकम
मदिरा विक्री वितरण गर्ने होटल, रेष्टूरेन्ट, लज र बार (उपत्यका बाहिर)	२०७०।०७१	२०७०।०४।०१	२०७१।०३।३२	३५००	३५००	७०००
	२०७१।०७२	२०७१।०४।०१	२०७२।०३।३१	३५००	३५००	७०००
	२०७२।०७३	२०७२।०४।०१	२०७३।०३।३२	३५००	३५००	७०००
	२०७३।०७४	२०७३।०४।०१	२०७४।०३।३१	३५००	३५००	७०००
	२०७४।०७५	२०७४।०४।०१	२०७५।०३।३२	४५००	४५००	९०००
	२०७५।०७६	२०७५।०४।०१	२०७६।०३।३१	४५००	४५००	९०००
	२०७६।०७७	२०७६।०४।०१	२०७७।०३।३१	४५००	४५००	९०००

	२०७७।०७८	२०७७।०४।०१	२०७८।०३।३१	४५००	४५००	९०००
	२०७८।०७९	२०७८।०४।०१	२०७९।०३।३२	४५००	४५००	९०००
	२०७९।०८	२०७९।०४।०१	२०८०।०३।३१	६०००	६०००	१२०००
	२०८०।०८१	२०८०।०४।०१	२०८१।०३।३१	६०००	६०००	१२०००
	२०८१।०८२	२०८१।०४।०१	२०८२।०३।३२	६०००	६०००	१२०००
	२०८२।०८३	२०८२।०४।०१	२०८३।०३।३२	६०००	६०००	१२०००
			जम्मा	६०५००	६०५००	१२१,०००

आर्थिक ऐन, २०८३ को दफा ४३(२) बमोजिम छुट सुविधा उपयोगको लागि सहभागी हुन आएमा आर्थिक वर्ष २०८२/०८३ को लागि नवीकरण बापत लाग्ने देहायअनुसारको इजाजत दस्तुर दाखिल गरी इजाजतपत्र नवीकरण गराएमा बाँकी आर्थिक वर्षहरुको लाग्ने नवीकरण दस्तुर र जरिवाना मिनाहा हुन्छ ।

कारोबारको विवरण	आर्थिक बर्ष	देखि	सम्म	दस्तुर	जरिवाना	दाखिल गर्नु पर्ने रकम
मदिरा विक्री वितरण गर्ने होटल, रेष्टुरेन्ट, लज र बार (उपत्यका बाहिर)	२०८२।०८३	२०८२।०४।०१	२०८३।०३।३२	६०००	६०००	**१२०००**

१४) विवरण पेश गरेका तर कर तथा अन्तःशुल्क बक्यौता रहेका व्यक्तिले कर तिरेमा ब्याज, शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था (दफा ४४):

कानुनी व्यवस्था

मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम मूल्य अभिवृद्धि कर विवरण, आय विवरण र अन्तःशुल्क विवरण पेश गरी संवत् २०८३ साल जेठ १५ गतेसम्म मूल्य अभिवृद्धि कर, आयकर तथा अन्तःशुल्क तिर्न बाँकी रहेका व्यक्तिले त्यस्तो विवरण अनुसारको बाँकी कर तथा अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना, ब्याज तथा विलम्ब शुल्क मिनाहा हुनेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस व्यवस्था बमोजिम मूल्य अभिवृद्धि कर (VAT), आयकर (Income Tax) र अन्तःशुल्क (Excise) को बक्यौतामा जरिबाना तथा ब्याज मिनाहा पाउन करदाताले अनिवार्य रूपमा निम्नलिखित सर्तहरू पूरा गरेको हुनुपर्नेछः

- करदाताले कानुन बमोजिम आ-आफ्नो मूल्य अभिवृद्धि कर विवरण, आय विवरण वा अन्तःशुल्क विवरण आन्तरिक राजस्व कार्यालयको एकीकृत कर प्रणालीमा अनिवार्य रूपमा पेस गरिसकेको (Filed) हुनुपर्नेछ।
- उक्त पेस गरिएका विवरणहरू अनुसारको कर वा अन्तःशुल्क रकम संवत् २०८३ साल जेठ १५ गतेसम्म बुझाउन बाँकी (Outstanding Payable) रहेको हुनुपर्नेछ।
- विवरण अनुसार तिर्न बाँकी रहेको वास्तविक मूल कर वा अन्तःशुल्कको सावाँ रकम र सो सावाँ रकमको थप एक प्रतिशत (१%) ले हुने रकम राजस्व खातामा दाखिला गर्नुपर्नेछ।
- सम्पूर्ण सावाँ रकम र थप १ प्रतिशत रकम बुझाउने कार्य संवत् २०८३ साल पुस मसान्तभित्र अनिवार्य रूपमा सम्पन्न गरिसक्नुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (मूल्य अभिवृद्धि कर बक्यौताको हकमा): एक निर्माण सामग्री सप्लायर्स कम्पनीले आ.व. २०८१/८२ को विभिन्न महिनाको मूल्य अभिवृद्धि कर विवरण (VAT Return) नियमित बुझाएको रहेछ। तर बजारबाट पैसा नउठेकाले रु. १०,००,०००.०० मूल्य अभिवृद्धि कर रकम सरकारलाई बुझाउन बाँकी रहेछ। संवत् २०८३ जेठ १५ गतेसम्म सो रकम बुझाइएको थिएन र त्यसमा ब्याज तथा जरिबाना थपिएर कुल दायित्व रु. १३,५०,०००.०० पुगेको रहेछ। प्रस्तुत व्यवस्था अनुसार उक्त कम्पनीले संवत् २०८३ साल पुस मसान्तभित्र विवरण अनुसारको मूल्य अभिवृद्धि कर सावाँ रु. १०,००,०००.०० र सोको १% थप रकम रु. १०,०००.०० गरी कुल रु. १०,१०,०००.०० दाखिला गरेमा, बाँकी रहेको रु. ३,४०,०००.०० बराबरको सम्पूर्ण जरिबाना र ब्याज स्वतः मिनाहा हुनेछ।

उदाहरण २ (आयकर - Income Tax बक्यौताको हकमा): एक प्राविधिक सेवा प्रदायक कम्पनीले आ.व. २०८०/८१ को वार्षिक आय विवरण (Self-Assessment Return) पेस गर्दा आफ्नो व्यावसायिक आयकर रु. ५,००,०००.०० देखाएको थियो। तर वित्तीय संकटका कारण सो कर दाखिला गरेन। नयाँ व्यवस्था अनुसारः कम्पनीले संवत् २०८३ साल पुस मसान्तभित्र उक्त निर्धारित आयकर सावाँ रु. ५,००,०००.०० र सोको १ प्रतिशत थप रकम (रु. ५,०००.००) गरी जम्मा रु. ५,०५,०००.०० बुझाएमा, आयकर ऐन बमोजिम ढिलाइ गरे बापत लागेको सम्पूर्ण शुल्क र ब्याज पूर्ण रूपमा मिनाहा पाउनेछ।

१५) कर निर्धारणबाट सिर्जित बक्यौता दाखिल गरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहासम्बन्धी विशेष व्यवस्था (दफा ४५):

कानूनी व्यवस्था

१) मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०८३ साल जेठ १५ गतेसम्म आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयबाट कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारण भई दाखिल गर्न बाँकी रहेको मूल्य अभिवृद्धि कर, आयकर तथा अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज वा विलम्ब शुल्क मिनाहा हुनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा प्रदान गर्ने व्यवसायमा संलग्न व्यक्तिको हकमा सो उपदफा बमोजिमको व्यवस्था लागू हुनेछैन।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस विशेष सहुलियत (स्कीम) को लाभ लिनका लागि करदाताले निम्न सर्तहरू पालना गरेको हुनुपर्नेछः

- करदाताको कर निर्धारण, संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारण आन्तरिक राजस्व विभाग वा सो अन्तर्गतका आन्तरिक राजस्व कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय/ठूला करदाता कार्यालयबाट संवत् २०८३ साल जेठ १५ गतेसम्म भइसकेको हुनुपर्नेछ।

- करदाता दूरसञ्चार सेवा प्रदायक व्यवसाय (Telecom Operators) बाहेकको क्षेत्रको हुनुपर्नेछ।
- निर्धारित करमध्ये दाखिल गर्न बाँकी रहेको मूल कर (सावाँ) रकम संवत् २०८३ साल पुस मसान्तभित्र पूर्ण रूपमा दाखिला गर्नुपर्नेछ।
- उक्त दाखिला गर्न बाँकी सावाँ कर रकमको थप एक प्रतिशत (१%) ले हुने थप रकम समेत संवत् २०८३ साल पुस मसान्तभित्रै अनिवार्य रूपमा राजस्व खातामा जम्मा गर्नुपर्नेछ।
- यो सुविधा प्राप्त गर्न करदाताले रकम दाखिला गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (व्यापारिक कम्पनीको कर निर्धारण बक्यौता फस्यौटको हकमा):

"एभरेष्ट ट्रेडिङ प्रालि" को आ.व. २०८०/८१ को कर परीक्षण हुँदा ठूला करदाता कार्यालयले संवत् २०८३ साल वैशाखमा (जेठ १५ गतेभन्दा अघि) रु. १०,००,०००.०० सावाँ कर र त्यसमा ब्याज तथा शुल्क थप रु. ४,५०,०००.०० गरी कुल रु. १४,५०,०००.०० को संशोधित कर निर्धारण आदेश जारी गरेको रहेछ, जुन कम्पनीले तिर्न बाँकी नै राखेको रहेछ। यो कम्पनी दूरसञ्चार बाहेकको व्यवसाय भएकोले संवत् २०८३ साल पुस मसान्तभित्र सावाँ कर रु. १०,००,०००.०० र सोको १% थप रकम (रु. १०,०००.००) गरी जम्मा रु. १०,१०,०००.०० दाखिला गरेमा सोमा लागेको रु. ४,५०,०००.०० बराबरको सम्पूर्ण ब्याज र शुल्क स्वतः मिनाहा हुनेछ।

उदाहरण २ (दूरसञ्चार कम्पनीको हकमा लागू नहुने):

एक दूरसञ्चार सेवा प्रदायक (Telecom) कम्पनीको नाममा संवत् २०८३ साल वैशाखमा कर कार्यालयबाट रु. ५०,००,०००.०० सावाँ कर र रु. २०,००,०००.०० जरिबाना/ब्याजसहित मु.अ.कर निर्धारण भएको रहेछ। "दूरसञ्चार सेवा प्रदायक व्यवसायको हकमा यो सुविधा लागू हुने छैन" भनिएको हुनाले यस कम्पनीले १% थप रकम बुझाएर जरिबाना र ब्याज मिनाहा पाउने सुविधा प्राप्त गर्न सक्ने छैन र उसले निर्धारित सम्पूर्ण रकम नियमानुसार नै भुक्तानी गर्नुपर्ने हुन्छ।

१६) विचाराधीन मुद्दा फिर्ता लिई कर दाखिल गरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था: (दफा ४६)

कानुनी व्यवस्था

(१) मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०८३ साल जेठ १५ गतेसम्म आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूबाट भएको कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारणमा चित्त नबुझाई आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकन वा अन्य कुनै न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना, ब्याज र विलम्ब शुल्क मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमका मुद्दामा आन्तरिक राजस्व विभाग वा कार्यालयको तर्फबाट सर्वोच्च अदालतमा पुनरावेदन गर्न वा मुद्दा दोहोऱ्याई हेर्न अनुमति पाएका वा पुनरावेदन वा मुद्दा दोहोऱ्याई हेरी पाउने निवेदन विचाराधीन अवस्थामा रहेका मुद्दाको हकमा सम्बन्धित करदाताले संवत् २०८३ साल पुस मसान्तभित्र विवादित कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरी विभाग वा सम्बन्धित कार्यालयमा निवेदन दिएमा नेपाल सरकारले त्यस्तो मुद्दा फिर्ता लिन सक्नेछ।

(३) सर्वोच्च अदालतमा पुनरावेदन गर्न वा मुद्दा दोहोऱ्याई हेरी पाउन अनुमति प्राप्त नभएका तर सम्बन्धित कार्यालयबाट पुनः कर निर्धारण भई नसकेका मुद्दाको हकमा समेत उपदफा (१) बमोजिमको सुविधा पाउन संवत् २०८३ साल पुस मसान्तभित्र सम्बन्धित व्यक्तिले विवादित कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरी निवेदन दिएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना, ब्याज र विलम्ब शुल्क मिनाहा हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा प्रदान गर्ने व्यवसायमा संलग्न व्यक्तिको हकमा उपदफा (१), (२) र (३) को छुट सुविधासम्बन्धी व्यवस्था लागू हुने छैन।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यो विशेष सुविधा प्राप्त गर्न करदाताले अनिवार्य रूपमा निम्नलिखित सर्तहरू पालना गरेको हुनुपर्नेछः

- मूल्य अभिवृद्धि कर, आयकर वा अन्तःशुल्क बमोजिमको कर निर्धारण संवत् २०८३ साल जेठ १५ गतेसम्म भइसकेको हुनुपर्नेछ।
- उक्त कर निर्धारण आदेश विरुद्ध करदाताले प्रशासकीय पुनरावलोकन, राजस्व न्यायाधीकरण, उच्च वा सर्वोच्च अदालतमा दायर गरेको मुद्दा हालसम्म विचाराधीन (Pending) रहेको हुनुपर्नेछ।
- करदाताले सम्बन्धित न्यायिक वा अर्धन्यायिक निकाय (अदालत/न्यायाधिकरण/विभाग) मा मुद्दा फिर्ता लिन निवेदन दिएको हुनुपर्नेछ र सो निवेदनको आधिकारिक प्रतिलिपि प्राप्त गरेको हुनुपर्नेछ।
- निर्धारित मूल कर (सावाँ) रकम र सो सावाँ करको थप एक प्रतिशत (१%) ले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्रै अनिवार्य रूपमा राजस्व खातामा दाखिला गरेको हुनुपर्नेछ।
- मुद्दा फिर्ता लिएको निवेदनको प्रतिलिपि र बैंक दाखिला भौचर सहित संवत् २०८३ साल पुस मसान्तभित्रै सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा औपचारिक दरखास्त (निवेदन) दिनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ "केसी एण्ड एसोसिएट्स" को निर्माण व्यवसायको कर परीक्षण हुँदा कार्यालयले मु.अ.कर तर्फ संवत् २०७२ मंसिरमा रु. १०,००,०००.०० सावाँ कर र रु. ८,००,०००.०० ब्याज/जरिबाना निर्धारण गरेको रहेछ। कम्पनीले कर निर्धारणको विषयमा चित्त नबुझाई प्रशासकीय पुनरावलोकन हुदै राजस्व न्यायाधीकरणमा मुद्दा दायर गरेको रहेछ र सो मुद्दा विचाराधीन छ। यदि करदाताले संवत् २०८३ साल पुस मसान्तभित्र न्यायाधिकरणबाट मुद्दा फिर्ता लिई र सावाँ कर रु. १०,००,०००.०० तथा सोको १% थप रकम रु. १०,०००.०० गरी जम्मा रु. १०,१०,०००.०० दाखिला गरेमा उसलाई लागेको रु. ८,००,०००.०० को जरिबाना र ब्याज पूर्ण रूपमा मिनाहा हुनेछ।

उदाहरण २ (अन्तःशुल्क विवाद र मुद्दा फिर्ताको हकमा - उपदफा (२): "मेची डिष्टिलरी प्रालि" को अन्तःशुल्क गणनाको विषयमा आन्तरिक राजस्व कार्यालय भद्रपुरले संवत् २०८२ मा रु. १५,००,०००.०० अन्तःशुल्क सावाँ र रु. १२,००,०००.०० अन्य शुल्क, दस्तुर, जरिबाना र ब्याज निर्धारण गरेको थियो, जसको विरुद्ध सम्वन्धित उद्योगले सर्वोच्च अदालतमा मुद्दा दायर

गरेको रहेछ र सो हालसम्म विचाराधीन रहेछ। उद्योगले सर्वोच्च अदालतबाट आफ्नो मुद्दा फिर्ता लिएको प्रमाण (निवेदनको प्रतिलिपि) सहित संवत् २०८३ पुस मसान्तभित्र सावाँ अन्तःशुल्क रु. १५,००,०००.०० र सोको १% थप रकम (रु. १५,०००.००) गरी कुल रु. १५,१५,०००.०० जम्मा गरेमा, उसलाई लागेको रु. १२,००,०००.०० को जरिबाना र ब्याज पूर्ण रूपमा मिनाहा हुनेछ।

१७) संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय संघ संस्था वा कूटनीतिक नियोगहरूमा कार्यरत नेपाली वा वासिन्दा व्यक्तिलाई आयकर, ब्याज तथा शुल्क छुटसम्बन्धी विशेष व्यवस्था (दफा ४७):

कानुनी व्यवस्था

संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालय वा सो संघ अन्तर्गतका संस्थाहरू वा कुटनीतिक मान्यता प्राप्त अन्य जुनसुकै अन्तर्राष्ट्रिय निकाय वा विदेशी कुटनीतिक नियोगमा कार्यरत भियना अभिसन्धी बमोजिम छुट सुविधा नपाउने गरी कार्यरत बासिन्दा व्यक्तिले ती निकायबाट पारिश्रमिक वा सेवा शुल्कवापत भुक्तानी पाएको तर आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर र आय विवरण दाखिला नगरेको भएमा स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७९/८० देखि २०८२/८३ सम्मको आयमा लाग्ने आयकर र सोको एक प्रतिशतले हुने थप रकम तथा आय विवरण संवत् २०८३ साल मङ्सिर मसान्तसम्म दाखिला गरी निवेदन दिएमा ब्याज तथा शुल्क मिनाहा हुनेछ। त्यस्तो व्यक्तिले सोभन्दा अघिको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याजसमेत बुझाउनु पर्ने छैन।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यो विशेष सुविधा प्राप्त गर्न करदाताले अनिवार्य रूपमा निम्नलिखित सर्तहरू पालना गरेको हुनुपर्नेछः

- करदाता संयुक्त राष्ट्रसंघ (UN), सोका विशिष्टीकृत नियोगहरू, अन्य अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी कूटनीतिक नियोगहरू (दूतावासहरू) मा कार्यरत नेपाली नागरिक वा नेपालको कानुन बमोजिम बासिन्दा व्यक्ति हुनुपर्नेछ।
- करदाताको नियुक्ति वा सेवा सर्तमा भियना अभिसन्धि (Vienna Convention) बमोजिम कुटनीति प्रतिनिधि नभएको हुनुपर्नेछ।

- विगतमा कतिपय कारणले पारिश्रमिक वा सेवा शुल्कको आयकर र कर विवरण बुझाउन बाँकी रहेको अवस्था हुनुपर्नेछ।
- करदाताले आर्थिक वर्ष २०७९/८० देखि आर्थिक वर्ष २०८२/८३ सम्मको (कुल ४ आर्थिक वर्षको) आय विवरण अनिवार्य रूपमा तयार गरी पेश गर्नुपर्नेछ।
- सो ४ वर्षको विवरण अनुसारको सावाँ आयकर र सो करको थप एक प्रतिशत (१%) ले हुने थप रकम संवत् २०८३ साल मङ्सिर मसान्तभित्रै अनिवार्य रूपमा राजस्व खातामा दाखिला गर्नुपर्नेछ। स्थायी लेखा नं नभएकाको हकमा नजिकको आन्तरिक राजस्व कार्यालयवाट नयाँ स्थायी लेखा नम्वर (PAN) लिन सकिनेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (नियमित रूपमा कर दायरामा आउन चाहने कर्मचारीको हकमा):

हरि कुमार शर्मा विगत १० वर्षदेखि काठमाडौंस्थित एक युरोपेली राजदूतावासमा स्थानीय कर्मचारीको रूपमा कार्यरत छन्। भियना अभिसन्धि बमोजिम उनलाई कर छुट सुविधा हुदैन र राजदूतावासले पनि निजको पारिश्रमिक भुक्तानी गर्दा स्रोतमा कर कट्टी (TDS) पनि गरेको रहेनछ। हरिकुमारले हालसम्म प्यान (PAN) लिएका रहेनछन् र कर पनि बुझाएका रहेनछन्। हरिकुमारले प्यान नम्बर लिई आ.व. २०७९/८०, २०८०/८१, २०८१/८२ र २०८२/८३ को आय विवरण र सो ४ वर्षको सावाँ आयकर तथा सो करको १% थप रकम संवत् २०८३ साल मङ्सिर मसान्तभित्र दाखिला गरेमा उनलाई लाग्ने पुराना सबै आयकर र ब्याज मिनाहा हुन्छ र आ.व. २०७९/८० भन्दा अगाडिका ६ वर्षको कर र विवरण बुझाउने दायित्वबाट उनले पूर्ण रूपमा कानुनी मुक्ति पाउँछन्।

उदाहरण २ (परामर्शदाता वा कूटनीतिक नियोगको प्रोजेक्ट स्टाफको हकमा):

सीता कुमारी बर्माले संयुक्त राष्ट्रसंघको एक विशिष्टीकृत नियोग (UN Agency) अन्तर्गतको आयोजनामा आ.व. २०८०/८१ र २०८१/८२ मा कन्सल्टेन्टको रूपमा कार्य गरी सेवा शुल्क प्राप्त गरेकी रहिछन् तर कूटनीतिक छुट नभएकाले उनको आय करयोग्य हुन्छ। तर उनले सो आय घोषणा नगरेकी र कर तिरेकी पनि थिइनन्। सीताले संवत् २०८३ साल मङ्सिर मसान्तभित्र तोकिएको अवधि (आ.व. २०७९/८० देखि २०८२/८३) को आफ्नो

आय विवरण पेस गरी सोको सावाँ कर र १% थप रकम बुझाएमा, विवरण ढिला बुझाए बापत लाग्ने सम्पूर्ण ब्याज र शुल्क मिनाहा हुनेछ।

१८) साल बसाली आर्थिक ऐन बमोजिम लाग्ने शुल्क, दस्तुर वा करमा लाग्ने जरिबाना, थप दस्तुर तथा ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था" (दफा ४९)

कानुनी व्यवस्था

(१) साल बसाली आर्थिक ऐन बमोजिम कुनै शुल्क वा दस्तुर वा कर दाखिला गर्नुपर्ने दायित्व भएका व्यक्तिले त्यस्तो शुल्क वा दस्तुर वा कर दाखिला नगरेको वा कम दाखिला गरेको वा ऐन बमोजिम बुझाउनु पर्ने कुनै विवरण नबुझाएको भएमा बुझाउन बाँकी कर वा शुल्क वा दस्तुर रकम, सोको एक प्रतिशतले हुने थप रकम र विवरण संवत् २०८३ मङ्सिर मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिबाना, ब्याज, थप दस्तुर तथा शुल्क मिनाहा हुनेछ।

(२) उपदफा (१) को सम्बन्धमा सम्बन्धित कार्यालयबाट त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारण भई बक्यौता कायम भएको वा कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दा दर्ता भई विचाराधीन रहेकोमा सम्बन्धित व्यक्तिले मुद्दा फिर्ता लिई संवत् २०८३ मंसीर मसान्तभित्र निर्धारित शुल्क वा दस्तुर वा कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा सोमा लाग्ने जरिबाना, ब्याज, थप दस्तुर तथा शुल्क मिनाहा हुनेछ।

करदाताले पालना गर्नुपर्ने सर्तहरू

यस विशेष सहुलियतको लाभ लिनका लागि करदाताले निम्न सर्तहरू पालना गरेको हुनुपर्नेछः

- विगतका सालबसाली आर्थिक ऐन बमोजिम लाग्ने कुनै पनि शुल्क, दस्तुर वा कर दाखिला नगरेको, कम दाखिला गरेको वा कर विवरण नबुझाएको अवस्था हुनुपर्नेछ।
- सम्बन्धित कर कार्यालयबाट त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारण (Assessment) भई बक्यौता कायम भएको हुनुपर्नेछ, वा सो विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा दर्ता भई हाल विचाराधीन (Pending) रहेको हुनुपर्नेछ।
- अदालत वा न्यायिक निकायमा विचाराधीन रहेको कर सम्बन्धी मुद्दा करदाताले अनिवार्य रूपमा फिर्ता (Withdraw) लिएको हुनुपर्नेछ।

- बुझाउन बाँकी वा कर कार्यालयबाट निर्धारित भएको मूल कर, शुल्क वा दस्तुर (सावाँ रकम) र सो सावाँ रकमको एक प्रतिशत (१%) ले हुने थप रकम संवत् २०८३ साल मङ्सिर मसान्तभित्रै अनिवार्य रूपमा दाखिला गरेको हुनुपर्नेछ।
- उपदफा (१) बमोजिम बुझाउन छुटेका विवरणहरू समेत संवत् २०८३ साल मङ्सिर मसान्तभित्रै पेस गरेको हुनुपर्नेछ।

सान्दर्भिक उदाहरणहरू

उदाहरण १ (दूरसञ्चार सेवा दस्तुर - TSC को हकमा): एउटा दूरसञ्चार सेवा प्रदायक कम्पनी "नेपाल टेलिलिङ्क (काल्पनिक नाम)" ले विगतका वर्षहरूमा ग्राहकबाट नियम बमोजिम सङ्कलन गर्नुपर्ने दूरसञ्चार सेवा दस्तुर (Telecommunication Service Charge - TSC) दाखिला गर्न छुटाएको रहेछ, अथवा सम्वन्धित आन्तरिक राजस्व कार्यालयले कर लेखापरीक्षण गर्दा कम दाखिला भएको भनी रु. ५०,००,०००.०० थप दस्तुर निर्धारण गरिदिएको रहेछ। कम्पनी उक्त निर्धारणमा चित्त नबुझाई राजस्व न्यायाधिकरणमा मुद्दामा रहेको छ, जसले गर्दा जरिबाना र ब्याज बढेर कुल रकम रु. ८५,००,०००.०० पुगिसकेको छ। प्रस्तुत व्यवस्था अनुसार (उपदफा २ बमोजिम) उक्त कम्पनीले अदालत वा न्यायिक निकायमा विचाराधीन रहेको आफ्नो मुद्दा फिर्ता लिई संवत् २०८३ साल मङ्सिर मसान्तभित्र निर्धारित मूल दस्तुर (सावाँ) रकम रु. ५०,००,०००.०० र सो सावाँको १ प्रतिशतले हुने थप रकम रु. ५०,०००.०० गरी कुल रु. ५०,५०,०००.०० दाखिला गरेमा, सोमा लागेको बाँकी रु. ३४,५०,०००.०० बराबरको सम्पूर्ण जरिबाना, ब्याज, थप दस्तुर र शुल्क पूर्ण रूपमा मिनाहा पाउनेछ।
(द्रष्टव्यः दफा ४५ र ४६ ले मा दूरसञ्चार सेवा प्रदायकलाई रोक लगाइएको भए तापनि दफा ४९ को साल बसाली दस्तुरको विशेष व्यवस्था अन्तर्गत यो सुविधा प्राप्त गर्न सकिनेछ।)

उदाहरण २ (गैर-बासिन्दा व्यक्तिले तिर्ने विद्युतीय सेवा कर - DST को हकमा):
नेपालमा अनलाइन विज्ञापन वा क्लाउड सेवा प्रदान गर्ने एक विदेशी (गैर-बासिन्दा) कम्पनी टेक्सास प्रा.लि.ले आर्थिक ऐन (साल बसाली ऐन) को व्यवस्था बमोजिम नेपालमा आफ्नो दायित्व अन्तर्गत लाग्ने विद्युतीय सेवा कर (Digital Service Tax - DST) को कर विवरण बुझाएको रहेनछ वा आफ्नो वास्तविक कर दायित्व भन्दा कम कर दाखिला गरेको थियो।

प्रस्तुत व्यवस्था अनुसार (उपदफा १ बमोजिम) उक्त गैर-बासिन्दा प्रविधि कम्पनीले आफूले बुझाउन बाँकी रहेको वास्तविक विद्युतीय सेवा कर (DST) को सावाँ रकम, सो अवधिको डिजिटल कारोबारको कर विवरण (Tax Return) र सो कर सावाँको १ प्रतिशतले हुने थप रकम संवत् २०८३ साल मङ्सिर मसान्तभित्रै नेपालको राजस्व खातामा दाखिला गरेमा, ऐनबमोजिम विवरण नबुझाए बापत वा कर ढिला बुझाए बापत लाग्ने सम्पूर्ण जरिबाना, ब्याज तथा अतिरिक्त शुल्कहरू स्वतः र पूर्ण रूपमा मिनाहा हुनेछन्।

आर्थिक ऐन, २०८३ बमोजिमका कर छुट, सहुलियत तथा सुविधा कार्यान्वयनमा देखिएका द्विविधाका विषयहरू स्पष्ट गर्न आन्तरिक राजस्व विभागवाट २०८३।०५।२२ मा जारी गरिएको सार्वजनिक सूचना।

<u>आर्थिक ऐन, २०८३ बमोजिमका कर छुट, सहुलियत तथा सुविधा कार्यान्वयनमा देखिएका द्विविधाका विषयहरू स्पष्ट गर्न जारी गरिएको सार्वजनिक सूचना</u>।

आर्थिक ऐन, २०८३ ले प्रदान गरेका विभिन्न कर छुट तथा सहुलियतको कार्यान्वयनमा केही द्विविधा परेको सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८३।०५।१२ को निर्णयको आधारमा देहायको विषयमा देहायबमोजिम स्पष्ट गरिएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि अनुरोध छ।

१. **आर्थिक ऐन, २०८३ को दफा ४४ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम मूल्य अभिवृद्धि कर विवरण, आय विवरण र अन्तःशुल्क विवरण पेश गरी संवत् २०८३ साल जेठ १५ गतेसम्म मूल्य अभिवृद्धि कर, आयकर तथा अन्तःशुल्क तिर्न बाँकी रहेका व्यक्तिले त्यस्तो विवरण अनुसारको बाँकी कर तथा अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिबाना, ब्याज तथा विलम्ब शुल्क मिनाहा हुनेछ भन्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम कुनै व्यक्तिले पेश गरेको आय विवरण अनुसार भुक्तानीमा अग्रिम करकट्टी गरी तिर्न बाँकी रहेको (TDS Payable) कर रकमका सम्बन्धमा उल्लिखित दफा आकर्षित हुने नहुने सम्बन्धमाः**

आर्थिक ऐन, २०८३ को दफा ४४ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम मूल्य अभिवृद्धि कर विवरण, आय विवरण र अन्तःशुल्क विवरण पेश गरी तिर्न बाँकी रहेको रकमको विषय रहेको र भुक्तानीको श्रोतमा करकट्टी गरी तिर्न बाँकी कुनै रकम भए त्यस्तो विवरण वित्तीय विवरण तथा आय विवरणमा तिर्नुपर्ने दायित्वमा स्पष्ट किटान हुने तथा त्यसरी कट्टी भएको रकम पनि आयकर नै भएको र पेश गरेको आय विवरण अनुसारकै तिर्न बाँकीको रुपमा रहने

भएकाले आर्थिक ऐन, २०८३ को दफा ४४ ले तोकेको सुविधा उपभोग गरी करदाताले आय विवरणमा देखाए बमोजिमको तिर्न बाँकी भुक्तानीमा अग्रिम करकट्टी गरेको रकम फरफारक गर्न सक्ने।

२. **आयकर ऐन, २०५८ को दफा ९५क.बमोजिमको अग्रिम कर रकम दाखिला गर्न बाँकी रहेको सम्बन्धमा आर्थिक ऐन, २०८३ को दफा ४४ बमोजिमको सुविधा पाउने नपाउने विषयमा रहेको द्विविधाका सम्बन्धमाः**

आय विवरण र सोको अभिन्न अंगका रुपमा रहने वित्तीय विवरण अनुसार बुझाउन बाँकी रहेको आयकर ऐन, २०५८ को दफा ९५क. बमोजिमको अग्रिम कर रकम समेत आयकर नै रहेको तथा विवरण अनुसार नै दाखिला गर्न बाँकी रहेको रकम रहेकोले आर्थिक ऐन,२०८३ को दफा ४४ बमोजिमको शर्त पूरा गरी विवरण दाखिला गरेको तर तिर्न बुझाउन बाँकी रकमका सम्बन्धमा सो दफाको सुविधा आकर्षित हुने।

३. **करदाताले आफ्नो आयविवरण अनुसार भुक्तानीमा अग्रिम करकट्टी रकम कट्टी गरेको तर दाखिला नगरेको कारणले कुनै कार्यालयले त्यस्तो रकम आयकर ऐन, २०५८ को दफा ९० बमोजिम माग गरेको र सो उपर करदाता कुनै न्यायिक निकायमा पुनरावेदन गई विचाराधीन रहेको अवस्थामा सोही आर्थिक ऐनको दफा ४६ अन्तर्गतको सुविधा पाउने नपाउने सम्बन्धमा :**

आय कर ऐन, २०५८ को दफा ९० र दफा ९५क. बमोजिम बुझाउनु पर्ने रकम पनि आयकर नै रहेको। दफा ९० बमोजिम करकट्टी र दफा ९५क. बमोजिम अग्रिम कर असुली गरेको तर दाखिला नगरेका कारण सोही ऐनको दफा ९० (८) र दफा ९५क.(१५) बमोजिम कर प्रशासनबाट कर निर्धारण आदेश/सूचना जारी गरी रकम माग भएको अवस्थामा त्यस्तो रकम तिर्न बाँकी भएमा आर्थिक ऐन, २०८३ को दफा ४५ बमोजिम र त्यस्तो आदेशउपर करदाता प्रशासकीय पुनरावलोकन वा न्यायिक निकायमा पुनरावेदनमा गएको भएमा पनि दफा ४६ बमोजिमको व्यवस्था बमोजिमको सुविधा प्राप्त गर्न सक्ने।

४. **आर्थिक ऐन, २०८३ को दफा ४६ मा विचाराधीन मुद्दा फिर्ता लिई कर दाखिल गरेमा शुल्क, थप दस्तुरतथा जरिबाना मिनाहा सम्बन्धी विशेष व्यवस्था रहेको छ जसमा ... संशोधित कर निर्धारणमा चित्त नबुझाई आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकन वा अन्य कुनै न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको आयकर र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क र ब्याज मिनाहा हुने**

व्यहोरा उल्लेख गरिएको छ। तत्सम्बन्धमा, कार्यालयबाट आयकर २०५८ को दफा ९० बमोजिम माग भएको भुक्तानीमा अग्रिम कट्टी गरिएको कर रकम तथा दफा ९५क. को उपदफा (१५) बमोजिम माग भएको अग्रिम कर रकमका सम्बन्धमा चित्त नबुझाई करदाता आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकन वा अन्य कुनै न्यायिक निकायमा मुद्दामा रहेको अवस्थामा त्यस्तो मुद्दा फिर्ता लिई आर्थिक ऐन, २०८३ को दफा ४६ को सुविधा उपभोग गर्न पाउने नपाउने विषयमा रहेको द्विविधाका सम्बन्धमाः

आयकर ऐन,२०५८ को दफा ९० बमोजिम अग्रिम कर असुली गरेको तर दाखिला नगरेको वा कट्टी नै नगरेका कारण कानुन बमोजिम कर अधिकृतबाट करकट्टीको निर्धारण गरी सोही दफाको उपदफा (८) बमोजिम कर प्रशासनबाट करकट्टीको निर्धारण आदेश/सूचना जारी गरी रकम माग भएको अवस्थामा त्यस्तो रकम तिर्न बाँकी भएमा आर्थिक ऐन,२०८३ को दफा ४५ बमोजिम र त्यस्तो आदेश/सूचनाउपर करदाता प्रशासकीय पुनरावलोकन वा न्यायिक निकायमा पुनरावेदनमा गएको भएमा पनि दफा ४६ बमोजिमको व्यवस्था बमोजिम सुविधा उपभोग गर्न सक्ने।

५. **आर्थिक ऐन, २०८३ को दफा ४५ तथा ४६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन,२०५८ बमोजिम संवत् २०८३ साल जेठ १५ गतेसम्म आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूबाट भएको कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारण भन्ने व्यवस्था रहेकोमा आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूबाट भएको कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारण भनिएकोले राजस्व अनुसन्धान विभागबाट भएको यस्तो निर्धारणलाई उक्त दफा आकर्षित हुने नहुने विषयमा उत्पन्न द्विविधाका सम्बन्धमाः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२, र अन्तःशुल्क ऐन, २०५८ बमोजिम प्रत्यायोजित अधिकारको प्रयोग गरी राजस्व अनुसन्धान विभागबाट कर निर्धारण भएको हुँदा उक्त विभागबाट भएको कर निर्धारणको निर्णयमा समेत आर्थिक ऐन,२०८३ को दफा ४५ र दफा ४६को व्यव्स्था आकर्षित हुने।

६. **आर्थिक ऐन, २०८३ को दफा ४६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०८३ साल जेठ १५ गतेसम्म आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूबाट भएको कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारणमा चित्त नबुझाई आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकन वा अन्य कुनै न्यायिक निकायमा विचाराधीन मुद्दा**

फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क रकम र सोको एक प्रतिशतले हुने थप रकम संवत् २०८३ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर, जरिवाना, व्याज र विलम्ब शुल्क मिनाहा हुनेछ भन्ने व्यवस्था रहेकोमा यहाँ मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर निर्धारण, आयकर ऐन बमोजिम संशोधित कर निर्धारण र अन्तःशुल्क ऐन बमोजिम अन्तःशुल्क निर्धारणमा चित्त नबुझाई भन्ने भाषा प्रयोग भएको हुँदा सो को अर्थ सम्बन्धित ऐन बमोजिमको सुनुवाईको मौका दिनु भन्दा अगाडिको निर्धारण हो वा मौका प्रदान भए पश्चातको निर्धारण हो भन्ने विषयमा समेत केही द्विविधा सिर्जना भएको, जसले गर्दा शुरु कर निर्धारणमा नै कुनै व्यक्ति प्रशासकीय पुनरावलोकन वा न्यायिक पुनरावलोकनमा छ भने त्यस्तो मुद्दा फिर्ता लिई दफा ४६ अन्तर्गतको सुविधा अन्तर्गत समावेश हुन पाउने नपाउने सम्बन्धमाः

मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०८३ साल जेठ १५ गतेसम्म आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूबाट भएको कर निर्धारण वा संशोधित कर निर्धारण वा अन्तःशुल्क निर्धारणमा चित्त नबुझाई... भन्ने व्यवस्था रहेकोले प्रारम्भिक वा अन्तिम तहको जुनसुकै कर निर्धारण जसमा करदाताले चित्त नबुझाई प्रशासकीय पुनरावलोकन वा पुनरावेदन तहमा गएको होस्,उक्त दफामा उल्लिखित व्यवस्थाको अधिनमा रही सुविधा उपभोग गर्न सक्ने।

७. **आर्थिक ऐन, २०८३ को दफा ४९ मा उपदफा (१) को सम्बन्धमा सम्बन्धित कार्यालयबाट त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारण भई बक्यौता कायम भएको वा कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दा दर्ता भई विचाराधीन रहेकोमा सम्बन्धित व्यक्तिले मुद्दा फिर्ता लिई संवत् २०८३ मंसीर मसान्तभित्र निर्धारित शुल्क वा दस्तुर वा कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा सोमा लाग्ने जरिबाना, ब्याज, थप दस्तुर तथा शुल्क मिनाहा हुनेछ भन्ने व्यवस्था रहेको छ। यहाँ सालबसाली आर्थिक ऐन बमोजिम शुल्क, दस्तुर वा कर निर्धारणमा चित्त नबुझाई भन्ने भाषा प्रयोग भएको हुँदा सो को अर्थ कानून बमोजिमको सुनुवाईको मौका दिनु भन्दा अगाडिको निर्धारण हो वा मौका प्रदान भए पश्चातको निर्धारण (सामान्य बोलिचालीको भाषामा अन्तिम कर निर्धारण) हो भन्ने विषयमा समेत केही द्विविधा सिर्जना भएको देखिन्छ। जसले गर्दा शुरु शुल्क, दस्तुर वा कर निर्धारणमा नै कुनै व्यक्ति प्रशासकीय**

पुनरावलोकन वा न्यायिक पुनरावलोकनमा छ भने त्यस्तो मुद्दा फिर्ता लिई दफा ४९ अन्तर्गतको सुविधा अन्तर्गत समावेश हुन पाउने नपाउने सम्बन्धमाः

आर्थिक ऐन, २०८३ को दफा ४९ को उपदफा (२) मा "उपदफा (१) को सम्बन्धमा सम्बन्धित कार्यालयबाट त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारण भई बक्यौता कायम भएको वा कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दा दर्ता भई विचाराधीन रहेकोमा सम्बन्धित व्यक्तिले मुद्दा फिर्ता लिई संवत् २०८३ मंसीर मसान्तभित्र निर्धारित शुल्क वा दस्तुर वा कर रकम र सोको एक प्रतिशतले हुने थप रकम दाखिला गरेमा सोमा लाग्ने जरिबाना, ब्याज, थपदस्तुर तथा शुल्क मिनाहा हुनेछ" भन्ने व्यवस्था रहेको छ, अर्थात् सम्बन्धित कार्यालयबाट त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारण भई बक्यौता कायम भएको वा कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दा दर्ता भई विचाराधीन रहेकोमा भन्ने व्यवस्थाले स्पष्ट रुपमा बक्यौता कायम भई मुद्धामा गएको वा बक्यौता कायम नहुँदै भए पनि त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारणमा चित्त नबुझाई कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दामा गएको हुनुपर्ने अवस्थालाई जनाएको छ। अर्थात् त्यस्तो शुल्क, दस्तुर वा कर निर्धारण उपर कुनै अदालतमा वा न्यायिक निकायमा मुद्दामा गएको छ र मुद्धा फिर्ता लिई उक्त दफामा उल्लिखित व्यवस्थाको अधिनमा रही सुविधा उपभोग गर्न सक्ने।